# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २०६ | काठमाडौं | आइतबार, ११ मंसिर २०७९ | Prabhab National Daily | Sunday, November 27, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# बहालवाला पाँच मन्त्रीको संसद् यात्रामा 'ब्रेक'



■ प्रभाव संवाददाता

**काठमाडौं–** मंसिर ४ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा होमिएका पाँचजना बहालवाला मन्त्रीको आगामी संसद् यात्रा टुंगिएको छ । प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका गृहमन्त्री बालकृष्ण खाण, ऊर्जामन्त्री पम्फा भुसाल, खानेपानीमन्त्री उमकान्त चौधरी, पर्यटनमन्त्री जीवनराम श्रेष्ठ र युवा तथा खेलकुदमन्त्री महेश्वर गतहराजले पराजय बेहोरेका हुन् ।

रूपन्देही निर्वाचन क्षेत्र नं. ३ बाट गृहमन्त्री खाण पराजित भएका छन् । मत गणनाको सुरुआतीमा अग्रता लिएका खाण अन्तिम परिणाम आउँदा राप्रपाका उम्मेदवार दीपक बोहोरासँग पराजित हुन पुगे ।

**प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन-२०७९**
**मतपरिणाम अपडेट**

| | जित | अग्रता |
|---|---|---|
| नेपाली कांग्रेस | ५२ | ०३ |
| नेकपा एमाले | ४० | ०२ |
| माओवादी केन्द्र | १७ | ०१ |
| ए. समाजवादी | १० | ० |
| रास्वपा | ०७ | ०१ |
| राप्रपा | ०६ | ०१ |
| अन्य | १७ | ०१ |

प्रतिनिधिसभा सदस्यमा गृहमन्त्री बालकृष्ण खाण, ऊर्जामन्त्री पम्फा भुसाल, खानेपानीमन्त्री उमकान्त चौधरी, पर्यटनमन्त्री जीवनराम श्रेष्ठ र युवा तथा खेलकुदमन्त्री महेश्वर गतहराज पराजित

नेपाली कांग्रेसमा निर्णायक भूमिका खेल्न सक्ने र समग्र सुरक्षा व्यवस्थाको जिम्मेवारीमा रहेका खाणको संसदीय यात्रामा 'ब्रेक' लागेको हो ।

त्यस्तै ललितपुर क्षेत्र नं.३ मा उम्मेदवारी दिएकी ऊर्जामन्त्री भुसालको पनि संसदीय यात्रामा 'ब्रेक' लाग्यो । राष्ट्रिय स्वतन्त्र पार्टीकी उम्मेदवार तोसिमा कार्की विजयी भएको उक्त क्षेत्रमा भुसाल तेस्रो बनिन् । कार्कीले ३१ हजार १३६ मत ल्याउँदा मन्त्री भुसालले आठ हजार ७६९ मत मात्र ल्याएकी छन् । नेकपा माओवादी केन्द्रकी प्रभावशाली नेता र मन्त्री हुँदाहुँदै पनि भुसालले आफ्नो पकड क्षेत्रबाट नै हार बेहोर्नुपर्‍यो । २०७४ को निर्वाचनमा उनी सोही क्षेत्रबाट निर्वाचित भएकी थिइन् ।

त्यसैगरी खानेपानी मन्त्रालयको नेतृत्व सम्हालिरहेका चौधरीले पनि जनताको मन जित्न सकेनन् । नेपाली कांग्रेसका सहमहामन्त्रीसमेत रहेका चौधरीले यसअघि चुनाव जित्दै आएको बारा क्षेत्र नं. १ बाट हार बेहोर्नुपर्‍यो । उनी नेकपा एमालेका उम्मेदवार अच्युत (**बाँकी पृष्ठ २ मा**)

# ओली–दाहाललाई 'घाटा'

एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी अध्यक्ष पुष्पकमल दाहाल दुवै पुनः प्रधानमन्त्री बन्ने महत्त्वाकांक्षकासाथ चुनावमा होमिएका थिए । तर, चुनावी परिणामले उनीहरूको लक्ष्यमा पुग्न कठिन बनाइदिएको छ ।

■ जेबी योञ्जन

**काठमाडौं–** यही ४ मंसिरमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ दुई ठूला कम्युनिस्ट पार्टी नेकपा एमाले र नेकपा माओवादी केन्द्र दुवै दलले लगभग आधा संख्यामा सिट गुमाउने पक्का भएको छ । २०७४ को निर्वाचनमा पहिलो हुने विजय हुने प्रणाली (प्रत्यक्ष)तर्फ जितेका सिटभन्दा झण्डै आधा सिट दुवै दलले गुमाउने भएका हुन् ।

अघिल्लोपटक ८० सिट जितेको एमालेले ३९ सिट जित्दा तीन क्षेत्रमा अग्रता कायम राखेको छ । यस हिसाबले एमाले ४२ सिटमा सीमित हुने देखिन्छ । अघिल्लो निर्वाचनमा ३६ सिट जितेको माओवादीले ठीक आधा १८ सिट जित्ने देखिएको छ । १६ सिट जितिसकेको छ भने दुई सिटमा अग्रता छ । यद्यपि, तीन स्थानको मत गणना सुरु नै हुन सकेको छैन । स्याङ्जा-२, बाजुरा र दोलखामा मत गणना हुन बाँकी छ । यी स्थानको परिणाम आउँदा एमाले-माओवादीको सिट संख्या बढाउनसक्छ ।

यी दुवै दल यसपटकको चुनावमा एकअर्काका प्रतिस्पर्धी भए । यसअघि २०७४ मा भने वाम गठबन्धन गरेर दुवै दल कांग्रेस-राप्रपाविरुद्ध चुनावमा गएका थिए । त्यसबेला जनताले झण्डै दुई तिहाइ बहुमत दिए । ३ फागुन २०७४ मा वाम गठबन्धनको सरकार बन्यो । अन्ततः पार्टी एकता ३ जेठ २०७५ मा भयो । तर, आन्तरिक मतभेद र त्यसपछि विकसित अनेक राजनीतिक घटनाक्रमका बीच २३ फागुन २०७७ मा नेकपाको नामसम्बन्धी विवाद सर्वोच्च अदालतबाट निरूपण हुँदा कानुनीरूपमा दुई दल अलग भए । तिनै दुई दल यसपटक चुनावमा आपसमै प्रतिस्पर्धी बने, जसले गर्दा दुवै दलले धेरै सिट गुमाउन बाध्य भएका हुन् ।

अघिल्लोपटक २३ सिट जितेको कांग्रेसले दोब्बरभन्दा बढी सिट जितेको छ । शनिबार साँझसम्म सार्वजनिक अन्तिम परिणामअनुसार कांग्रेसले ५१ सिट जितिसकेको निर्वाचन आयोगले जनाएको छ । अझै चार ठाउँमा उसको अग्रता छ । यस आधारमा कांग्रेसले करिब ५६ सिट जित्ने देखिन्छ । मतगणना बाँकी रहेको क्षेत्रबाट कम्तीमा एक सिट कांग्रेसले थप्नसक्छ ।

ठूला कम्युनिस्ट पार्टी फुटेर चुनावमा जाँदा कांग्रेसलाई फाइदा भएको देखिएको हो । माओवादी नेता हरिबोल गजुरेलले प्रभावसँग भने, 'हामीलाई यो गठबन्धन त्यति फापेन ।'

उनको जस्तै भनाइ एमाले उपाध्यक्ष युवराज ज्ञवालीको छ । 'हाम्रो गठबन्धन त थिएन, तालमेल थियो



■ अघिल्लोपटक ८० सिट जितेको एमाले ४२ सिटमा खुम्चिने संकेत
■ ३६ सिट जितेको माओवादी केन्द्र १८ सिटमा सीमित हुने सम्भावना
■ २३ सिट जितेको कांग्रेस दोब्बर बढी ५६ सिट नजिक
■ मधेसवादी दुई दल जसपा र लोसपालाई ठूलो क्षति

तर त्यति राम्रो नतिजा ल्याउन सकेनौं,' उनले भने, 'गठबन्धनको घेराबन्दीकाबीच यत्तिको नतिजा निकाल्नु पनि ठूलै सफलता हो ।'

प्रजातन्त्रको पुनर्बहाली २०४६ मा भएपछि एमाले आमचुनाव २०५१ र प्रतिनिधिसभा चुनाव २०७४ मा ठूलो दल भयो । माओवादी पहिलो संविधानसभा चुनाव २०६४ मा पहिलो दल बन्यो । कांग्रेस भने आमचुनावहरू २०४८ र २०५६ सँगै दोस्रो संविधानसभा चुनाव २०७० पहिलो बन्यो । यसपटक पनि पहिलो दल बन्ने अवस्थामा कांग्रेस पुगेको छ ।

तर, सिट गुमाएका कम्युनिस्ट पार्टीहरू एमाले-माओवादी अन्य दलसँग गठबन्धन (**बाँकी पृष्ठ ३ मा**)

## खुम्चिए जसपा-लोसपा

काठमाडौं (प्रस)- मधेस केन्द्रित दुई दल जनता समाजवादी पार्टी (जसपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले पनि पहिलेभन्दा धेरै सिट गुमाएका छन् । यी दुई दल यसपटक १० सिटमा खुम्चिने देखिएको छ ।

अघिल्लोपटक तत्कालीन राजपा (हालको लोसपा) ले ११ सिट जितेको थियो । तत्कालीन संघीय समाजवादी फोरम (हालको जनता समाजवादी पार्टी) ले १० सिट जितेको थियो । तर, यसपटक लोसपा चार सिट र जसपा छ सिटमा खुम्चिएका छन् । समानुपातिक मत कम पाउने स्थिति देखिएको छ ।

राजनीतिक विश्लेषक चन्द्रकिशोर अघिल्लोपटक मधेसका जनताले दिएको जनादेशको अपमान गरेको र यसपटक सजाय भोग्नुपरेको टिप्पणी गर्छन् । 'मधेसले विश्वास गरेको थियो पहिला तर नेताहरूबाट घात भयो । त्यसको नतिजा यो चुनावमा देखियो,' उनले भने, 'सत्तासँग मधेसको जनादेश जसपा र लोसपा साटिरहे मधेसमा सकिन सक्छन् ।'

प्रतिनिधिसभामा मात्र होइन, प्रदेशसभातर्फ पनि यी दलहरू कमजोर देखिएका छन् । यसअघि मधेस प्रदेशमा दुई दलले सरकार गठन गरेको थियो । यसपटक गठबन्धन गरे पनि मधेस प्रदेशमा सरकार गठन गर्ने हैसियतमा यी दुई दल नहुने निश्चित भइसकेको छ ।

**सन्दर्भ : वैदेशिक रोजगार**

## युरोपेली संसद्को आवाज

# 'कतारले श्रमिकलाई न्याय दिएन'

■ मोहनप्रसाद पन्त

**काठमाडौं–** विश्वकप फुटबलको रोमाञ्चकारी प्रतिस्पर्धा चलिरहेको कतारमा आप्रवासी कामदारको चर्को श्रम शोषण भएको भन्दै युरोपेली संसद्ले आवाज उठाएको छ । विश्वकप फुटबल प्रतियोगिताका लागि रंगशालालगायतका भौतिक संरचना निर्माणका क्रममा कतारले आप्रवासी कामदारको चर्को श्रम शोषण गरेको भन्दै उनीहरूको पक्षमा अवाज उठाएको हो ।

कतारमा श्रम शोषणमा परेका आप्रवासी कामदारलाई न्याय दिन, उनीहरूले पाउनुपर्ने क्षतिपूर्ति उपलब्ध गराउन र न्यूनतम मानवअधिकारको प्रत्याभूति गराउनुपर्ने मागसमेत गरेको छ । उल्लिखित विषयलाई पारित गर्नु अगाडि भएको छलफलमा सांसदहरूले कतारमा वाक स्वतन्त्रतामाथिको नियन्त्रण, अन्य लिंगका व्यक्तिहरूलाई लगाइएको बन्देजको आलोचना गरेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् । युरोपेली संसद्मा आप्रवासी कामदारमाथि भएको श्रम शोषणको विषयले प्रवेश पाएपछि अन्तर्राष्ट्रिय अधिकारवादी संस्थाहरू एम्नेष्टी इन्टरनेसनल, ह्युमन राइट्स वाच, फेयर स्क्वायरलगायतले वर्षौंदेखि उठाउँदै आएको मुद्दा स्थापित गर्न थप बल पुगेको बताइएको छ ।

कतारको रंगशालासहितका भौतिक संरचना निर्माण गर्दा हजारौं विदेशी कामदारको मृत्यु तथा अंगभंग र घाइते भएको युरोपेली संसद्ले दाबी गरेको छ । उसले कतारमा भएको आप्रवासी श्रमिकको मृत्युको बारेमा पूर्णरूपमा अनुसन्धान गर्न पनि माग गरेको छ । यसैगरी शोषणमा परेका आप्रवासी श्रमिक तथा ज्यान गुमाएका व्यक्तिका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन पनि माग गरिएको छ । संसद्ले श्रम शोषणको विषयलाई मात्र प्राथमिकता नदिएर कतारमा हालै श्रमिकको अधिकार स्थापित गर्न गरिएका सुधारकोसमेत प्रशंसा




युरोपेली संसद्मा आप्रवासी कामदारमाथि भएको श्रम शोषणको विषयले प्रवेश पाएपछि अन्तर्राष्ट्रिय अधिकारवादी संस्थाहरू एम्नेष्टी इन्टरनेसनल, ह्युमन राइट्स वाच, फेयर स्क्वायरलगायतले वर्षौंदेखि उठाउँदै आएको मुद्दा स्थापित गर्न थप बल पुगेको भनाइ

गर्दै तिनिहरूको पूर्णकार्यान्वयन हुनुपर्नेमा जोड दिएको छ । संसद्ले फिफामा प्रणालीगतरूपमा भ्रष्टाचारको गहिरो जरा रहेको कारण कतारलाई विश्वकप फुटबल प्रतियोगिता आयोजना गर्न दिएको प्रक्रिया पारदर्शी नहुँदा विश्वव्यापी फुटबलको छवि र अखण्डतालाई फिफाले गम्भीर क्षति पुर्‍याएको उल्लेख गरेको छ । उसले फिफालाई पनि श्रमिक तथा श्रमिकका परिवारलाई सहयोग गर्ने कार्यको नेतृत्व लिन माग गरेको छ । कतारले विश्वकप फुटबल प्रतियोगिता आयोजनाको अधिकार सन् २०१० मा जितेको थियो ।

कतारले श्रमिकले काम गरेको ज्याला भुक्तानी सुनिश्चित गर्न सन् २०१८ मा कानुन निर्माण गर्दै वर्कर्स सपोर्ट एण्ड इन्स्योरेन्स फण्ड स्थापना गरेको थियो । उक्त फण्डबाट तीन करोड २० लाख डलर बराबरको रकम श्रमिकलाई भुक्तानी गरिएको कतारले दाबी गर्दै आएको छ । कतारले आफ्नो सफलतालाई लिएर विरोधीहरूले अनावश्यकरूपमा श्रम शोषणको विषय उठान गरी विश्वव्यापीरूपमा भ्रम फैलाएको बताउँदै आएको छ । कतारका मानव संसाधनमन्त्री अली विन शमिख अल मारीले श्रम शोषण केवल हल्लामात्रै भएको र यस अगाडि नै करोडौं डलर रकम ज्याला पाउन नसकेका आप्रवासी श्रमिकलाई भुक्तानी गरिसकिएको दाबी गरेका छन् ।

अन्तर्राष्ट्रिय अधिकारवादी संस्थाहरूले लामो समयदेखि आप्रवासी कामदारलाई दिने क्षतिपूर्तिको विषयमा चर्को आवाज उठाए पनि कुनै सम्बोधन नभएको जनाएका छन् । पछिल्लो समय विश्वकप सुरु हुनुअघि पनि एम्नेष्टी इन्टरनेसनलले फिफाका अध्यक्ष जियानी इन्फान्टीनोलाई सम्बोधन गर्दै आप्रवासी कामदारमाथि भएको श्रमशोषण र क्षतिपूर्तिका बारेमा ध्यानाकर्षण गराएको थियो । अधिकारवादी संस्थाहरूले उठाएको मुद्दालाई खासै चासो नदिएका इन्फान्टीनोले खेलको पूर्वसन्ध्यामा मन्तव्य दिँदै कतारमा मानवअधिकार हननको विषय विभिन्न संघसंस्था र पश्चिमा सञ्चारमाध्यमहरूले फैलाएको अतिरञ्जना भएको बताए ।

त्यस्तै फ्रान्सेली फुटबल संघका अध्यक्ष नोएल ली ग्राएटले पनि पश्चिमी सञ्चारमाध्यमहरूले कतारमा आयोजना भइरहेको फिफा विश्वकप २०२२ का विरुद्धमा ज्यादै भ्रम फैलाएका बताएका थिए । उनले फ्रान्समा यस्तै गर्न प्रचलन रहेको दाबी गरेका थिए । तर, कतारमा विश्वकप सञ्चालन हुँदै गर्दा त्यसमा भाग लिने विभिन्न देशका फुटबल एसोसियसनले कतारमा आप्रवासी कामदारमाथि चर्को श्रम शोषण भएका भन्दै विरोध जनाएका छन् । विश्वकप खेलको सशक्त टिम नेदरल्याण्डस्ले आफ्ना खेलाडीको जर्सी लिलामी गरी त्यसबाट उठेको रकम आप्रवासी कामदारलाई सहयोग गर्ने जनाएको छ ।






**परेवा उडाउँदै विजयी उम्मेदवार**
नेपाल मजदुर किसान पार्टीले शनिबार आयोजना गरेको मतदाता र शुभचिन्तकलाई धन्यवाद विजयी ऱ्यालीमा भक्तपुर निर्वाचन क्षेत्र नं १ बाट प्रतिनिधिसभामा निर्वाचित प्रेम सुवाल, भक्तपुर निर्वाचन क्षेत्र नं १ प्रदेशसभा (२) का निर्वाचित सुरेन्द्रराज गोसाईलगायत परेवा उडाउँदै । *तस्बिरः लक्ष्मी गारु/रासस*

# गौशाला धर्मशाला सञ्चालन सम्झौता रद्द गरिने

■ **पूर्णप्रसाद मिश्र**

**काठमाडौं–** पशुपति क्षेत्र विकास कोषसँग मारवाडी सेवा समितिले गरेको सम्झौताविपरीत पशुपति गौशाला धर्मशाला क्षेत्रमा पसल, चमेना गृह, अस्पताल सञ्चालनका लागि मापदण्ड पूरा नगरी बनेका संरचना सांकेतिकरूपमा भत्काउन थालिएको छ। कोषले भत्काउन लाग्दा मारवाडी समुदायले अवरोध गरेपछि शनिबार भत्काउन भने बन्द गरिएको छ । त्यसक्रममा केहीबेर भनाभनसमेत भएको थियो । कानुनअनुसार पशुपतिनाथको जग्गा उपयोग गरिने पशुपति क्षेत्र विकास कोषले जनाएको छ ।

धर्मशाला क्षेत्रमा कोषसँग समितिले गरेको सम्झौताविपरीत दूध तथा दुग्धजन्य पदार्थ बिक्रीवितरण गर्ने गरेकाले व्यापारमा प्रयोग भएका कानुनविपरीतका संरचना सांकेतिकरूपमा भत्काउन थालिएको हो। वि.सं. १९९९ साल जेठ २ गतेको पुर्जीअनुसार साँढेलाई गौचरण राखी जुनेलो घाँस लगाउन हरिनारायण रामकुमारलाई एक रोपनी आठ आना जग्गा दिइएको त्यसबेलाको पुर्जीमा उल्लेख गरिएको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिए ।

गौचरण एवं जुनेलो घाँस लगाउन दिइएको जग्गा २०२१ सालको नापीमा दुई कित्ता भएको थियो । नापीका समयमा पशुपति गाउँ विकास समिति वडा नं २ (क) कित्ता नं ८३ को चार रोपनी १० आना जग्गा कायम भएको थियो । हाल नापीमा नगर ८ सिट नं १०६७-२१ कित्ता नं १५ को चार रोपनी आठ आना एक पैसा र कित्ता नं १६ को तीन रोपनी १४ आना तीन पैसा तीन दाम गरी आठ रोपनी सात आना तीन दाम जग्गामा गाईगोठ र धर्मशालाका नाममा उल्लेख भएको छ ।

**बगैंचा मासेर संरचना निर्माण**

परम्परादेखि पशुपतिनाथलाई फूल चढाइने भण्डारखाल बगैंचालाई समेत प्रभावित पार्ने गरी मारवाडी सेवा समितिले संरचना बनाएपछि भत्काउन बाध्य हुनुपरेको कोषले जनाएको छ । नापीमा उल्लेख भएको भन्दा पनि बढी जग्गा हाल धर्मशाला र गौशालाका नाममा मारवाडी समुदायले उपयोग गरिरहेका छन् । कोषअन्तर्गत श्री पशुपतिनाथ अमालकोट कचहरीका नाममा कायम रहेको र मारवाडी सेवा समितिका नाममा उक्त जग्गाको मोही दर्ता रहेको भन्ने भ्रमपूर्ण प्रचार भइरहेको कोषका प्रवक्ता अधिकारीले बताए ।

सो जग्गाका विषयमा कोष सञ्चालक परिषद्को २०६० जेठ ९ गतेको निर्णयअनुसार पशुपति गौशाला धर्मशाला सञ्चालनका लागि त्यसै वर्ष जेठ १२ गते सम्झौता भएको थियो । समितिले त्यसविपरीत संरचना निर्माण गरेको भन्दै कोषले त्यस्ता संरचना भत्काउन कात्तिक ४ गते सार्वजनिक सूचना जारी गरेको थियो । तोकिएको ३५ दिनभित्र कानुनविपरीत निर्माण भएका संरचना नहटाएपछि कोषले शनिबार डोजर प्रयोग गरेर सांकेतिकरूपमा संरचना भत्काउन सुरु गरेको हो ।

**गौशाला धर्मशालामा सम्झौताविपरीत भएका काम**

सम्झौताको बुँदा नं ४ मा गौशाला धर्मशाला सञ्चालन गर्दा प्रचलित नियम तथा स्वीकृत मापदण्डविपरीत हुने कुनै काम दोस्रो पक्षले गर्ने छैन भनी उल्लेख गरिएको छ । साविक बनेको धर्मशालाको संरचनामा तला थप गर्न स्वीकृत माग भएकामा कारबाही हुँदै जाँदा पुरातत्त्वसमेतबाट सहमति लिई संरचना बनाउनुपर्नेमा समितिले आफूखुसी काम गरेको कोषले जनाएको छ ।

समितिले कोषको मापदण्डविपरीत १८ हजार ९६ वर्गफिटको नक्साबमोजिमको संरचना गरेको छ । संरचनाको उचाइ ३२.३ छ । विश्वसम्पदा सूचीमा सूचिकृत पशुपति क्षेत्रमा संरचना निर्माण गर्दा प्राचीन स्मारक संरक्षण ऐन २०१३ को पालना गर्नुपर्नेमा समितिले बेवास्ता गरेको छ । यो काम कोष ऐन, २०४४ को दफा १७ (३) (५) को विपरीतसमेत रहेको छ ।

वि.सं. २०६० मा भएको सम्झौताको बुँदा नं ५ मा समितिले कोषलाई प्रत्येक आर्थिक वर्षमा ५१ हजार रूपैयाँ सहयोग रकम उपलब्ध गराउँदै जाने उल्लेख गरिएको छ । दुवै पक्षको सहमतिमा सो रकममा संशोधन गरिने पनि सम्झौतामा उल्लेख छ । संशोधनका लागि समितिलाई छलफलमा बोलाउँदा नआएको कोषका कार्यकारी निर्देशक डा. घनश्याम खतिवडाले बताए । २० वर्षसम्म सो रकम संशोधन नगरिएकामा महालेखापरीक्षकको कार्यालयले पनि संशोधनको सुझाव दिँदै आएको छ । १५ वर्षअघि नै संसद्को सार्वजनिक लेखा समितिले छ महिनाभित्र गौशाला धर्मशाला कोष आफैंले सञ्चालन गर्न दिएको निर्देशन पनि पालना भएको छैन ।

पशुपतिनाथमा पर्व पर्वमा छोडिएका साँढेलाई परम्पराअनुसार संरक्षण गर्न समितिले सहयोग गर्नुपर्नेमा त्यसो नगरेको कोषको भनाइ छ । वि.सं. २०६० को सम्झौताको बुँदा नं. ६ मा प्रत्येक महिनाको पूर्णिमाका दिनमा डामेर छाडिएका साँढेलाई समितिले संरक्षण गरेर गौशालामा राख्नुपर्नेमा त्यसो नगरेको पनि प्रवक्ता अधिकारीले बताए ।

संरक्षित क्षेत्रमा कानुनबमोजिम मात्र तला थप गर्ने सम्झौता पनि २० वर्षअघि दुवै निकायबीच भएको थियो । सम्झौताको ७ नं बुँदामा यो विषय उल्लेख गरिएको छ । वि.सं. २०३८ मा निर्माण गरिएको धर्मशालामा तला थप गर्न कोष तथा पुरातत्त्व विभागको सहमति लिइएको छैन । धर्मशालाको उत्तरतिर कुनै पनि निकायको स्वीकृति नलिई भवन निर्माण गरेकाले त्यसलाई भत्काउन कोष लागिपरेको छ ।

समितिले सम्झौता उल्लंघन गरेमा कोषले रद्द गरी छुट्टै व्यवस्था गर्न सकिने बुँदा नं ८ मा लेखिएको छ । संस्थालाई सेवामुखीभन्दा आर्थिक उपार्जनको थलो बनाएकाले तत्काल सम्झौता रद्द गरी नयाँ व्यवस्था गरिने कोषले जनाएको छ । कोषका सदस्य सचिव डा मिलनकुमार थापा आइतबार नै समितिसँग भएको सम्झौता रद्द गरी थप प्रक्रिया कानुनअनुसार अघि बढिने बताउँछन् ।

'पशुपतिनाथको सम्पत्तिमा समितिले कब्जा जमाउँदै आएको छ, नाथको सम्पत्ति कसैको स्वार्थसिद्धिका लागि प्रयोग गर्न दिँदैनौं, पशुपतिको सम्पत्ति रक्षाका लागि कोषले कानुनबमोजिम सबै प्रक्रियामा अघि बढ्छ,' उनले भने । *रासस*

# गोकर्णेश्वरमा धार्मिक पर्यटक आकर्षित गर्न सफाइ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** ऐतिहासिक, पुरातात्त्विक, साँस्कृतिक र धार्मिक महत्त्वको गोकर्णेश्वर महादेव मन्दिर परिसरलाई सफा राखी आन्तरिक एवं बाह्य पर्यटक आकर्षण गरिने भएको छ ।

गोकर्णेश्वर मन्दिर क्षेत्र प्रबन्ध समितिले थप दुई जना सफाइ कर्मचारीको व्यवस्था गरी सफाइमा विशेष ध्यान दिन लागेको हो । मन्दिर क्षेत्रमा श्राद्ध गर्न आउने र अन्य भक्तजनले फालेका प्लास्टिकलगायत फोहोरले गोकर्णेश्वर क्षेत्र प्रदूषित बन्ने गरेको छ ।

श्राद्ध गर्न आउनेले सफाइकै लागि भनी शुल्क तिर्ने गरे पनि त्यसको सही व्यवस्थापन नभएको गुनासो भक्तजनबाट आएकाले सुधार गर्न लागेको समितिको अध्यक्षसमेत रहेका गोकर्णेश्वर नगरपालिका वडा नं ४ का अध्यक्ष जयराम महतले जानकारी दिए ।

मन्दिर क्षेत्रलाई आकर्षक गन्तव्यस्थलका रूपमा विकास गर्न मूलढोका पनि निर्माण भइरहेको छ । मन्दिर क्षेत्रमा जगडोल डाँडाबाट आउने भेल नियन्त्रणका लागि पनि काम भइरहेको उनले जानकारी दिए ।

वन विभागसँगको सहकार्यमा कुहिने र नकुहिने फोहोरलाई छुटचाएर व्यवस्थापन गर्न लागिएको छ । ऐतिहासिक, पुरातात्विक, पौराणिक र साँस्कृतिकरूपमा पशुपतिनाथको जत्तिकै महत्त्वको मन्दिर भए पनि सरोकार भएका निकायको बेवास्ताका कारण पछि परेको गोकर्णेश्वर महादेव मन्दिर क्षेत्रलाई आकर्षक गन्तव्यस्थलका रूपमा विकास गर्न आफूले ठोस काम गर्न लागेको वडाध्यक्ष महतले सुनाए ।

पशुपति क्षेत्रमा आउने सबै पर्यटकलाई गोकर्णेश्वर क्षेत्र लैजाने गरी नगरपालिकाले काम गरिरहेको जनाइएको छ । पशुपति क्षेत्रमा गोकर्णेश्वरको महत्त्व झल्कने 'फ्लेक्स' राखिएको छ । यसका कारण पनि गोकर्णेश्वर क्षेत्रमा पर्यटक बढ्न थालेका छन् । पशुपतिनाथमा श्रीयन्त्र र गोकर्णेश्वरमा बालयन्त्रको पूजा आराधना हुने भएकाले पशुपतिनाथको दर्शन गर्नेले गोकर्णेश्वरको दर्शन गर्नुपर्ने शास्त्रीय मान्यता रहेको छ ।

अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको पहलमा गोकर्णेश्वरबाट उत्तरगयासम्मको नदी किनारमा भकारी बनाएर नदी क्षेत्रलाई व्यवस्थित गर्ने काम अन्तिम चरणमा पुगेको छ । यसका कारण पनि यो क्षेत्रको धार्मिक महत्त्व बढ्ने आशा गरिएको छ । यस क्षेत्रमा अहिले पूर्वाधार निर्माणका काम भइरहेकाले समेत केही फोहोर देखिएको समितिले जनाएको छ ।

नदी क्षेत्रको पूर्वाधार निर्माण अन्तिम चरणमा पुगेकाले सम्पन्न भएपछि मन्दिर क्षेत्रको सफाइमा टेवा पुग्ने विश्वास गरिएको छ । मन्दिर क्षेत्रका प्रवर्द्धनका लागि थप कार्यक्रम ल्याउन लागिएको समितिले जनाएको छ ।

# लैंगिक हिंसाविरुद्धको अभियान सुरु

**काठमाडौं (प्रस)–** 'सभ्य समाजको पहिचान : लैंगिक हिंसाविरुद्धको अभियान' नारासहित सञ्चालन हुने लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान शुक्रबारदेखि सुरु भएको छ। लैंगिक हिंसाविरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म यो अभियान सञ्चालन हुनेछ ।

लैंगिक हिंसाविरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा राष्ट्रिय महिला आयोगका अध्यक्ष कमलाकुमारी पराजुली र राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरको उपस्थितिमा सेतो रिबन हस्तारण गरी अभियान शुभारम्भ गरिएको छ । सेतो रिबनमा उल्टो 'ख' को अर्थ हिंसा नसहने, नगर्ने र विरुद्ध खुलेर बहिष्कार गर्नु हो ।

सो अवसरमा अध्यक्ष मगरले लैंगिक हिंसामा महिला बढी पर्ने हुनाले महिला हिंसा मुक्त हुनुपर्छ भन्नेमा आयोग दृढ रहेको बताए । उनले भने, 'हिंसा भएर राहत दिनुभन्दा हिंसा नै हुन नदिनु उत्तम उपाय हो । जुन स्थानीय तहको सहकार्यबाट प्रभावकारी हुन्छ, आयोग त्यसका लागि प्रतिबद्ध छ ।'

यसैक्रममा काठमाडौं मनपा.की उपप्रमुख सुनिता डंगोल भन्छिन, 'कुनै पनि प्रकारको हिंसा सामाजिक अपराध हुन् । जसको न्यूनीकरणका लागि वडासम्म लैजान जरुरी छ ।'

कार्यक्रममा लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानको उद्देश्य र कार्यान्वयनका पक्षका बारेमा जानकारी गराइयो ।

## बहालवाला पाँच...

पृष्ठ १ बाट जारी

मैनालीसँग नौ हजार १३९ मतले पराजित भए । मैनालीले ३९ हजार १९५ मत ल्याउँदा चौधरीले ३० हजार ५६ मत प्राप्त गरे ।

त्यस्तै पर्यटनमन्त्री श्रेष्ठ काठमाडौं क्षेत्र नं. ८ मा पराजित भए । नेकपा एकीकृत समाजवादीका प्रभावशाली नेता र पटक-पटक मन्त्री भएका उनी राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार विराजभक्त श्रेष्ठसँग पाराजित भएका हुन् । यसअघि सोही क्षेत्रबाट विजयी भएका श्रेष्ठ विराजभक्तले जित हासिल गर्दा तेस्रो स्थानमा चित्त बुझाउनुपऱ्यो । विराजभक्तले १० हजार १०५ मत ल्याउँदा मन्त्री श्रेष्ठले मात्रै चार हजार १७७ मत पाए ।

यसैगरी युवा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी सम्हालिरहेका गहतराजले पनि आफ्नो संसदीय यात्रा सुरक्षित गर्न सकेनन् । माओवादी केन्द्रबाट मन्त्री र सांसदको उम्मेदवार रहेका गहतराजलाई बाँके क्षेत्र नं. १ बाट एमालेका उम्मेदवार सूर्यप्रसाद ढकालले पाँच हजार ३९४ मतको फराकिलो अन्तरले पराजित गरे ।

**पाँच मन्त्रीलाई सफलता**

निर्वाचनमा होमिएका १२ जनामन्त्रीमध्ये पाँच जनाले हार बेहोर्नुपऱ्यो भने पाँच जनाले जित हात पारे । दुई जनाको भने अन्तिम मतपरिणाम आइसकेको छैन । निर्वाचनमा विजय हासिल गर्नेहरूमा रुकुम पश्चिमबाट अर्थमन्त्री जनार्दन शर्मा, दाङ क्षेत्र नं. १ बाट सहरी विकासमन्त्री मेटमणि चौधरी, दार्चुलाबाट उद्योगमन्त्री दिलेन्द्रप्रसाद बडू, बागलुङ क्षेत्र नं. २ बाट शिक्षामन्त्री देवेन्द्र पौडेल र अछाम क्षेत्र नं. १ बाट श्रममन्त्री शेरबहादुर कुँवर रहेका छन् ।

**दुई मन्त्री अन्तिम नतिजाको पर्खाइमा**

अन्तिम मत परिणाम नआएसम्म उदयपुर क्षेत्र नं. १ मा परराष्ट्रमन्त्री नरायण खड्का र सुनसरी क्षेत्र नं. ४ मा सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्की दुई जनाले निर्वाचन हार्ने वा जित्ने टुंगो लाग्न बाँकी नै छ । खड्काको क्षेत्रमा मत गणना जारी छ, र उनी विजयउन्मुख देखिन्छन् ।

सञ्चारमन्त्री कार्कीको क्षेत्रमा भने विवादका कारण मत गणना अनिश्चितकालका लागि रोकिएको छ । मत गणना अन्तिम चरणमा पुगेका बेला कार्कीले धाँधली भएको भन्दै विरोध जनाएपछि मत गणना रोकिएको हो । रोकिनुअघिसम्म कार्की १२ मतले अगाडि छन् । सर्वदलीय बैठकमासमेत सहमति जुट्न नसकेपछि मत गणना अनिश्चितकालका लागि स्थगित गरिएको निर्वाचन कार्यालयले जनाएको छ ।

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

मंसिर ११ गते मंगलबार (कृष्ण चतुर्दशी, पञ्चाङ्गः सौभाग्य वणिज स्वाति)

| | |
|---|---|
| **मेष** | पारिवारिक कार्य सफल हुनेछ । |
| **वृष** | अनावश्यक जिम्मेवारी नलिनुहोला । |
| **मिथुन** | लामो यात्रा हुनेछ । |
| **कर्कट** | सबै कार्यमा सावधानी राख्नुहोला । |
| **सिंह** | नयाँ काम बन्नेछ । |
| **कन्या** | राजनीतिक लाभ प्राप्त हुनेछ । |
| **तुला** | धर्म पालनामा रूचि देखिन्छ । |
| **वृश्चिक** | नयाँ साथी बन्ने योग छ । |
| **धनु** | नयाँ कार्यमा सावधानी राख्नुहोला । |
| **मकर** | शुभ समाचार प्राप्त हुनेछ । |
| **कुम्भ** | नयाँ काम मिल्ने सम्भावना छ । |
| **मीन** | आय बढ्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

मंसिर ११ गते, २०७९, २७ नोभेम्बर २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३०.४० | १३१.०० |
| युरो | १ को | १३५.२६ | १३५.८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५५.४६ | १५६.१८ |
| स्विस फ्रैन्क | १ को | १३७.०६ | १३७.६९ |
| अस्ट्रेलियन डलर | १ को | ८७.४९ | ८७.८९ |
| क्यानाडियन डलर | १ को | ९७.७७ | ९८.२२ |
| सिंगापुर डलर | १ को | ९४.९९ | ९५.४३ |
| जापानी येन | १० को | ९.३२ | ९.३६ |
| चिनियाँ युआन | १ को | १८.३२ | १८.४० |
| साउदी अरब रियाल | १ को | ३४.६९ | ३४.८५ |
| कतारी रियाल | १ को | ३५.६५ | ३५.८१ |
| थाई भाट | १ को | ३.६५ | ३.६६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.५० | ३५.६७ |
| मलेसियन रिंगेट | १ को | २८.६४ | २८.७७ |
| दक्षिण कोरियन वन | १०० को | ९.७५ | ९.७९ |
| स्विडिस क्रोनर | १ को | १२.३० | १२.३६ |
| डेनिस क्रोनर | १ को | १८.१९ | १८.२७ |
| हङकङ डलर | १ को | १६.६७ | १६.७५ |
| कुवेती दिनार | १ को | ४२३.६५ | ४२५.६० |
| बहराइन दिनार | १ को | ३४५.९४ | ३४७.५३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**मतगणनाको निगरानी** | नुवाकोट निर्वाचन क्षेत्र नं. (२) मा जारी मतगणनाको सुरक्षार्थ निगरानी गर्न जडान गरिएको सिसिटिभी क्यामराबाट निगरानी गर्दै मुख्य निर्वाचन अधिकृत मदनबहादुर धामी । *तस्बिरः रामहरि न्यौपाने/रासस*

# कर्णालीमा सत्ता गठबन्धनको 'क्लिनस्वीप'

■ शुरबहादुर सिंह

**कर्णाली-** कर्णाली प्रदेशका १० जिल्लामा प्रतिनिधिसभा सदस्यका लागि १२ निर्वाचन क्षेत्र छन् । सुर्खेत र दैलेखमा दुई/दुई निर्वाचन र अन्य आठ जिल्लामा एक निर्वाचन क्षेत्र कायम छन् । सबै क्षेत्रको निर्वाचन प्रक्रियाअन्तर्गत मतगणना सम्पन्न भइसकेको छ ।

मंसिर ४ गते सम्पन्न निर्वाचनमा देशभरझैं कर्णालीमा लोकतान्त्रिक-वाम गठबन्धन र नेकपा एमालेबीच नै प्रतिस्पर्धा भयो । यो चुनावमा केही जिल्लामा राप्रपाले आफ्नो विगत फर्काउन सफल भयो ।

पाँच वर्षअघि २०७४ सालमा नेकपा एमाले र माओवादी केन्द्रबीचको तालमेल भएको थियो । निर्वाचनमा एमाले र माओवादीको तालमेलका कारण कर्णालीका निर्वाचन क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा कांग्रेस 'क्लिनस्वीप' भएको थियो । तत्कालीन अवस्थामा प्रदेशसभामा हालका मुख्यमन्त्री जीवनबहादुर शाही मात्र प्रत्यक्षबाट निर्वाचित भएका थिए ।

प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचन २०७९ मंसिर ४ गतेको नतिजा भने विगतकै जस्तो तर ठीक उल्टो आएको छ । यसपटकको निर्वाचनबाट पाँच वर्षअघि माओवादी केन्द्रसँग तालमेल गरेको एमाले सिंगो कर्णालीबाट 'क्लिस्वीप' हुँदा कांग्रेस भने माथि उठेको छ । माओवादी केन्द्रले जुम्ला, हुम्ला, कालीकोट, जाजरकोट र रुकुमपश्चिम जितेको छ ।

नेपाली कांग्रेसले मुगु, दैलेख क्षेत्र नं २ र सुर्खेत क्षेत्र नं १ र २ मा विजय हासिल गरिसकेको छ । नेकपा एकीकृत समाजवादीले लिएको डोल्पा, दैलेख क्षेत्र नं १ र सल्यानमा आफ्नो जित हात पारिसकेको छ । एमालेले भने कर्णालीका १० जिल्लामा रहेका १२ निर्वाचन क्षेत्रमध्ये कतै पनि जित हात पार्न नसक्दा शून्यमा झर्नुपरेको छ ।

जुम्लामा राप्रपाका प्रवक्ता ज्ञानबहादुर शाहीले २२ हजार ८१९ मत प्राप्त गर्दा गठबन्धन दलका उम्मेदवार गोमा गौतम (कुँवर)ले ११ हजार ९५९ मत प्राप्त गरे । यहाँ गठबन्धनको पराजय भएको छ । यसअघि नेकपा माओवादी केन्द्रका गजेन्द्रबहादुर महत सांसदमा निर्वाचित भएका थिए ।

सुर्खेत क्षेत्र नं १ को प्रतिनिधिसभा सदस्यमा गठबन्धन दलका साझा उम्मेदवार नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का विजयी भएका छन् । खड्काले ४२ हजार ६०७ मत ल्याउँदा उनका निकटतम् प्रतिद्वन्द्वी नेकपा एमालेका ध्रुवबहादुर शाहीले ३० हजार ९८८ मत प्राप्त गरे । उनले ०७४ को चुनावमा खड्कालाई पराजित गरेका थिए । सुर्खेत क्षेत्र नं २ मा गठबन्धनका साझा उम्मेदवार नेपाली कांग्रेसका नेता हृदयराम थानीले नेकपा एमालेका अमृतबहादुर बुढाक्षेत्रीलाई पाँच हजार ६७ मतान्तरले पछि पार्दै ३४ हजार ६२५ मतले विजयी भए ।

जाजरकोटबाट प्रतिनिधिसभा सदस्यमा शक्तिबहादुर बस्नेतले ३४ हजार १५१ मत प्राप्त गरे । उनका निकटतम् प्रतिद्वन्द्वी निरजप्रसाद आचार्यले २५ हजार १२० मत प्राप्त गरे । बस्नेत चौथोपटक संसद् प्रवेश गर्दै छन् ।

रुकुमपश्चिममा नेकपा माओवादीका जनार्दन शर्माले ३९ हजार ५४९ मत ल्याउँदा नेकपा एमालेका नन्दराम देवकोटाले १२ हजार ९६१ मत ल्याएर पराजित भए । वि.सं. २०६४ देखि शर्माले पनि निरन्तर संसद्मा प्रवेश गर्दै आएका छन् ।

सल्यानबाट प्रतिनिधिसभा सदस्यमा नेकपा एकीकृत समाजवादीका प्रकाश ज्वालाले ३५ हजार ७०० मत ल्याएर विजयी भए । त्यस्तै, दैलेख क्षेत्र नं १ बाट गठबन्धनका साझा उम्मेदवार अम्मरबहादुर थापाले १८ हजार २५६ मत ल्याई विजयी भए । त्यस्तै दैलेख क्षेत्र नं २ मा गठबन्धनकै साझा उम्मेदवार नेपाली कांग्रेसका दिक्पालकुमार शाहीले २० हजार १५८ मत ल्याएर विजयी भए ।

नेकपा एमालेको गढ मानिएको दैलेखका दुवै क्षेत्रको विरासत यसपटकको लोकतान्त्रिक-वाम गठबन्धनले तोडिदिएको छ । कालीकोटमा नेकपा माओवादी केन्द्रका महेन्द्रबहादुर शाहीले २४ हजार ४७४ मत प्राप्त गरी विजयी भए । वि.सं. २०७० यताका सबै निर्वाचनबाट शाही निर्वाचित हुँदै आएका छन् । उनका प्रतिस्पर्धी नेकपा एमालेका नगिन्द्र शाहीले १६ हजार ४१० मत प्राप्त ल्याएर पराजित भए ।

डोल्पा गठबन्धनका साझा उम्मेदवार धनबहादुर बुढाले ११ हजार २९२ मत ल्याएर विजयी हुँदा नेकपा एमालेका गणेशबहादुर शाहीले पाँच हजार ५०५ मत प्राप्त गरी पराजित भए । बुढा पनि २०७० को संविधानसभा निर्वाचनदेखि सांसदमा लगातार निर्वाचित भएका छन् ।

हुम्लामा गठबन्धन दलका साझा उम्मेदवार नेकपा माओवादी केन्द्रका छिरिङ डम्डुल लामा विजयी भएका छन् । रावलले नौ हजार ५१६ मत ल्याएका थिए । मुगुमा नेपाली कांग्रेसका ऐनबहादुर शाहीले नेकपा एमालेका राजबहादुर कार्कीलाई तीन हजार ९९४ मतान्तरले पछि पार्दै १४ हजार ७०२ मत ल्याएर विजयी भएका छन् । कार्कीले भने १० हजार ७०८ मत प्राप्त गरे ।

नेकपा माओवादी केन्द्रका नेता तथा अर्थमन्त्री जनार्दन शर्माले कर्णालीका अग्रगामी जनताको मतले अपेक्षित परिणाम प्राप्त भएको बताए । नेकपा एमाले सुर्खेत क्षेत्र नं २ प्रदेश (१) बाट निर्वाचित प्रदेशसभा सदस्य यामलाल कँडेलले गठबन्धनका नाममा एमालेमाथिको घेराबन्दीले कर्णालीमा एमालेका लागि अनपेक्षित नतिजा आएको प्रतिक्रिया दिए ।

एमालेभित्रको विभाजन र लोकतान्त्रिक-वाम गठबन्धनका कारण कर्णालीमा एमाले शून्य भएको राजनीतिक विश्लेषक पिताम्बर ढकाल बताउँछन् । निर्वाचन आयोग नेपालको सार्वजनिक तथ्यांकअनुसार हाल कर्णालीका १० जिल्लाको १० लाख ८५ हजार ४०३ मतदाता संख्यामध्ये छ लाख ६२ हजार ९५ (६१ प्रतिशत)ले मतदान गरेका थिए । *रासस*

# काभ्रेमा एमाले एक सिटमा सीमित

■ प्रभाव संवाददाता

**काभ्रेपलाञ्चोक-** काभ्रेपलाञ्चोकमा नेकपा एमाले एक सिटमा सीमित भएको छ । प्रतिनिधिसभातर्फ दुई र प्रदेशसभाका चार क्षेत्र रहेको काभ्रेमा प्रतिनिधिसभाको एक क्षेत्रबाहेक सबै वाम-लोकतान्त्रिक गठबन्धनले जितेको छ। पूर्वसञ्चारमन्त्रीसमेत रहेका एमाले उम्मेदवार गोकुलप्रसाद बाँस्कोटाले एमालेलाई 'क्लिनस्वीप' हुनबाट जोगाएका हुन् ।

काभ्रे निर्वाचन क्षेत्र २ बाट उम्मेदवार बनेका बाँस्कोटाले ४५ हजार ३४५ मतका साथ विजयी हासिल गरेका हुन् । उनका निकटतम् प्रतिद्वन्द्वी वाम-लोकतान्त्रिकका उम्मेदवार शिवप्रसाद हुमागाईंले ३९ हजार ४८२ मत ल्याए । कांग्रेस नेता हुमागाईंले सुरुदेखि नै अग्रता लिए पनि अन्तिम समयमा बाँस्कोटाले बाजी मारेका हुन् । बाँस्कोटा अघिल्लो निर्वाचनमा पनि सोही निर्वाचन क्षेत्रबाट निर्वाचित भएका थिए ।

यस्तै, काभ्रे-१ बाट गठबन्धनका उम्मेदवार नेकपा एकीकृत माओवादीका सूर्यमान तामाङ निर्वाचित भए । उनले एमालेका उम्मेदवार रेशमबहादुर लामालाई पराजित गरेका हुन् । विजेता तामाङले ३४ हजार ५१२ र उपविजेता लामाले ३० हजार ५४८ मत प्राप्त गरे ।

**प्रदेशसभामा गठबन्धनको 'क्लिनस्वीप'**

चारवटै प्रदेशसभामा वाम-लोकतान्त्रिक गठबन्धनका उम्मेदवार विजयी भएका छन् । प्रतिनिधिसभा-१ अन्तर्गत प्रदेशसभा (क) मा सत्ता गठबन्धनका तर्फबाट नेकपा माओवादी केन्द्रका उम्मेदवार रत्नप्रसाद ढकाल विजयी भएका छन् । ढकालले २० हजार ७२० मत प्राप्त गरे भने निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका दिलबहादुर तामाङले ११ हजार २७८ मत प्राप्त गरे । यस्तै सोही प्रतिनिधिसभा क्षेत्रको प्रदेशसभा (ख) मा गठबन्धनका उम्मेदवार नेपाली कांग्रेसका तीर्थ लामा तीन मतले विजयी भएका छ । उनले १९ हजार २८० मतसहित जित हासिल गरे भने उनका प्रतिद्वन्द्वी एमालेका चन्द्र लामाले १९ हजार २७७ मत प्राप्त गरे ।

यसैगरी प्रतिनिधिसभा २ नं प्रदेशसभा (क) मा गठबन्धनका उम्मेदवार एकीकृत समाजवादीका लक्ष्मण लम्सालले १९ हजार ४०८ मत प्राप्त गरे । मुख्य प्रतिस्पर्धी एमालेका कुमार खकुरेलले १९ हजार २२० मत प्राप्त गरे ।

सोही निर्वाचन क्षेत्रअन्तर्गत प्रदेशसभा (ख) मा कांग्रेसका कञ्चनचन्द्र वादे श्रेष्ठ विजयी भएका छन् । श्रेष्ठले २६ हजार ३५ मत प्राप्त गरे भने एमालेका कुमार थापाले २१ हजार ९५७ मत प्राप्त गरे ।

प्रतिनिधिसभा-१ प्रदेशसभा (क) बाट निर्वाचित ढकाल र प्रतिनिधिसभा-२ प्रदेशसभा (क) बाट निर्वाचित लम्साल यसअघि पनि बागमती प्रदेशसभाको सदस्य थिए । ढकाल प्रदेशको युवा तथा खेलकुदमन्त्रीसमेत छन् । जिल्लामा एक लाख ८६ हजार ९३५ ले मतदान गरेका थिए ।



काभ्रे क्षेत्र नं. १ मा विजयी प्रतिनिधिसभा सदस्य सूर्यमान तामाङ (बीचमा), क्षेत्र नं. १ प्रदेशसभा (१) मा विजयी भएका रत्नप्रसाद ढकाल र क्षेत्र नं १ प्रदेशसभा (२) मा विजयी भएका तीर्थबहादुर लामा । *तस्बिरः पेमा लामा/रासस*

# मोरङ-३ बाट कांग्रेसका शर्मा निर्वाचित

**पथरी (प्रस)-** मोरङ क्षेत्र नं ३ मा नेपाली कांग्रेसका डा. सुनील शर्मा प्रतिनिधिसभा सदस्यमा विजयी भएका छन् । उनी सत्ता गठबन्धनका तर्फबाट ४८ हजार ६१३ मतका साथ विजयी भएका हुन् ।

मोरङ क्षेत्र नं ३ निर्वाचन अधिकृत रामहरि काफ्लेका अनुसार शर्माले नेकपा एमालेका भानुभक्त ढकाललाई २२ हजार ७१६ मतान्तरले पराजित गरेका हुन् । उनका निकटतम् प्रतिद्वन्द्वी ढकालले २५ हजार ८९७ मत पाएका छन् । त्यस्तै राप्रपाकी नेत्री तथा नायिका रेखा थापाले १० हजार ९९८ मत प्राप्त गरेकी छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका विकास उप्रेतीले दुई हजार ६२६ मत प्राप्त गरेका छन् ।



निर्वाचन आयोग मोरङ क्षेत्र नं ३ ले विजयी उम्मेदवारलाई प्रमाणपत्र वितरण गरेको छ । प्रमाणपत्र कार्यक्रममा प्रतिनिधिसभा सदस्य सुनील शर्माले जनताको मतको कदर गर्दै इमान्दारपूर्वक काम गर्ने बताए । एक लाख नौ हजार ८३३ मतदाता रहेको मोरङ क्षेत्र नं ३ मा ९७ हजार ४६८ जनाले मतदान गरेका थिए ।

# डोटीमा साढे ८ हजार मत बदर

■ प्रभाव संवाददाता

**डोटी-** मतदाता शिक्षा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुन नसक्दा डोटीमा प्रत्यक्षतर्फको आठ हजार ६२० मत बदर भएको छ । मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको अन्तिम मत परिणाम अनुसार ठूलो मात्रा मत बदर भएको हो ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले सार्वजनिक गरेको मत परिणामअनुसार प्रतिनिधिसभातर्फ ६३ हजार ५५२ मत खसेको थियो । जसमध्ये आठ हजार ६२० मत बदर हुँदा ५४ हजार ९३२ मत मात्रै सदर भएको छ ।

एउटा प्रतिनिधिसभा र दुईवटा प्रदेशसभा रहेको डोटीमा प्रतिनिधिसभातर्फको चार हजार ९६९ मत बदर भएको मुख्य निर्वाचन अधिकृत शिवलाल पाण्डेयले जानकारी दिए । उनका अनुसार प्रदेशसभा-१ तर्फ ३३ हजार ३२२ मत खसेकोमध्ये एक हजार ९१९ मत बदर भएको छ । प्रदेशसभा-२ मा ३० हजार २३४ मत खसेकोमध्ये एक हजार ७३२ मत बदर भएको छ ।

डोटी जिल्लाबाट प्रतिनिधिसभा सदस्यमा नेकपा एकीकृत समाजवादीका प्रेमबहादुर आले विजयी भएका छन् । साथै, प्रदेशसभा-१ मा नेकपा एमालेका चक्र मल्ल प्रदेशसभा-२ मा नेकपा माओवादी केन्द्रका शिवसिंह ओली विजयी भएका छन् । निर्वाचन आयोगले मतदाता शिक्षालाई प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्दा बदर मतको संख्या बढेको उम्मेदवारहरूको गुनासो छ । प्रतिनिधिसभा र प्रदेशसभाको अन्तिम मतपरिणाम सार्वजनिक गरिए पनि समानुपातिकतर्फको मतको नतिजा सार्वजनिक भएको छैन । अहिले समानुपातिकतर्फको मतगणना भइरहेको मुख्य निर्वाचन अधिकृत पाण्डेयले जानकारी दिए ।

## ओली-दाहाललाई...

पृष्ठ १ बाट जारी

गरेरै चुनावमा गएका थिए । एमाले आफ्नै नेतृत्वमा जनता समाजवादी पार्टी (जसपा), राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल र नेपाल परिवार दलसँग ठाउँठाउँमा तालमेल गर्दै चुनावमा गएको थियो । माओवादी भने कांग्रेस, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चासँग गठबन्धन गरेर चुनावमा गएको थियो । गठबन्धन अन्य दलसँग गर्दा दुवै दलले राम्रो नतिजा निकाल्न सकेनन् । यससँगै एमाले दोस्रो र माओवादी धेरै सिट अन्तरले तेस्रो हुने अवस्थामा पुगेको छ ।

एमाले-माओवादीले सिट गुमाउँदा त्यसको घाटा पार्टीलाई मात्रै नभई दुई दलका शीर्ष नेताले प्रत्यक्ष घाटा बेहोरेका छन् । एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी अध्यक्ष पुष्पकमल दाहाल दुवै पुनः प्रधानमन्त्री बन्ने महत्त्वाकांक्षका साथ चुनावमा होमिएका थिए । तर, चुनावी परिणामले उनीहरूको उक्त महत्त्वाकांक्ष पूरा गर्ने मार्ग कठिन बनाइदिएको छ । यद्यपि, अन्य दललाई लिएर प्रधानमन्त्री बन्न सक्ने सम्भावना भने कायमै छ ।


## साउदी अरबमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FUTURE ARCHITECTS FOUNDATION FOR PROJECTS

पूर्व स्वीकृति मिति २०७९/०७/०५ पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/०९ LT. No. 274024 चलानी नं. ६०१८८४८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 10 | 0 | 1000 | ३४,७४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर १८ गते (4nd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

RISING RECRUITMENT

**Rising Recruitment Pvt.Ltd.** श्रम ईजाजत नं. ८७८/०६७/०६८

Baluwatar, Kathmandu, Nepal. Tel: 977-1-4436597 / 4420587

## युएई वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL SECURITY GUARDS LLC

पूर्व स्वीकृति मिति २०७९/०८/०८ पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/११ LT. No. 276429 चलानी नं. ६०१९२००८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard/Life Guard/Guard/Happiness Consulta | 21 | 0 | 1200 | ४२,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर १८ गते (4nd Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने : निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

NOVA

**NOVA INTERNATIONAL PVT. LTD.** श्रम ईजाजत नं. १०१९/०६८/०६९

P.O.Box: 6859, New Baneswor, Kathmandu, Nepal. Tel:- +977-1-4785761/4784578, Fax:- + 977-1-4784571

Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# स्थिर सरकारको खाँचो

मंसिर ४ मा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको मत गणना अन्तिम चरणमा छ । निर्वाचनको मतपरिणामले अबको संसद्को परिदृश्य लगभग प्रस्ट पारिसकेको छ । यससँगै आगामी सरकार कस्तो बन्ला भन्ने आकलनहरु पनि गर्न थालिएको छ । यसपालिको निर्वाचनमा कुनै पनि दलले स्पष्ट बहुमत पाएन, त्यो सम्भावना पनि थिएन । तर, चुनावी तालमेल गरेको वाम–लोकतान्त्रिक गठबन्धनले बहुमत ल्याउने अपेक्षा गरिएको थियो । चुनावी परिणाम त्यस्तो आएन । यद्यपि, नेकपा एमाले नेतृत्वको अर्को गठबन्धनको पनि अवस्था उही रह्यो ।

संसद्मा यसपालि ठूला दलहरुको सिट खोस्दै केही नयाँ दलले प्रवेश पाएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पहिलो प्रयासमै तेस्रो शक्ति बन्ने होडमा आइपुगेको छ । यद्यपि, माओवादी केन्द्रले तेस्रो स्थान जोगाउनसक्ने सम्भावना बढेको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले यसपालि सिट संख्या बढाएको छ । अर्कोतर्फ जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीले पनि संसद्मा प्रवेश पाएको छ । जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी भने यसपटक केही सिटमा खुम्चिएको छ । नेकपा एमालेबाट विभाजित भई गठन भएको नेकपा एकीकृत समाजवादी पार्टीले प्रत्यक्षतर्फ करिब १० सिटसहित संसद्मा प्रवेश गर्ने भएको छ ।

यो नतिजाले अब पहिलो र दोस्रो स्थानमा रहेको कांग्रेस वा एमालेले आफ्नो नेतृत्वमा सरकार गठनका लागि साना दलहरुलाई साथमा लिनुपर्ने भएको छ । दुवै दलले एउटामात्रै दललाई साथमा लिएर सरकार बन्ने अवस्था देखिँदैन । त्यसैले अबको सरकारमा चारभन्दा बढी दलको प्रतिनिधित्व हुने निश्चित देखिन्छ । यसरी बन्ने सरकार जुनसुकै बेला संकटमा पर्नसक्छ । यसले मुलुकको राजनीति फेरि अस्थिर बनाउने संकेत गरेको छ ।

२०७४ को निर्वाचनमा एमाले–माओवादीको वाम गठबन्धनलाई जनताले झण्डै दुई तिहाइ मत दिएको थियो । वाम गठबन्धनको उक्त सरकारले मुलुकको विकास र समृद्धिका लागि काम गर्ने आम अपेक्षा पूरा हुन सकेन । एमाले–माओवादीबीच एकता भए पनि पार्टीभित्रको आन्तरिक किचलोले दुई–दुई पटक संसद् विघटन गर्ने काम गरियो । दलहरुको यस्तो हर्कतले जनतालाई थप निराश बनायो । दलहरुप्रति वितृष्णा बढायो । जसको परिणाम यो निर्वाचनमा देखियो । परम्परागत दलहरुबाट आशा मारेका जनताले वैकल्पिक शक्तिको खोजी गर्‍यो, जसले नयाँ दलको उदय गराएको छ । यही चुनावमा दलका शीर्ष नेताहरुविरुद्ध 'नो, नट अगेन' अभियान चल्यो । यसको मूल कारण जनचाहना नबुझ्ने दलहरु नै हुन् ।

आगामी सरकार गठनका लागि कसरत सुरु भइरहँदा फेरि आशंका उब्जाएको छ, कति महिना टिक्ने सरकार बन्ला ? अब जसको नेतृत्वमा सरकार बन्छ, जुन–जुन दल सरकारमा सहभागी हुन्छन् सबै मुलुकमा राजनीतिक स्थिरता र विकासको लक्ष्यमा प्रतिबद्ध हुन जरुरी छ । दलीय स्वार्थ त्याग्नुपर्छ । विगतमा जसरी पटक–पटक सत्ताको जोडघटाउमा लाग्ने प्रवृत्ति नदोहोरियोस् । यो आमजनताको चाहना र मुलुकको आवश्यकता हो ।

## मननयोग्य

### चाणक्य नीति

जुनेली रातमा राक्षस र कैकेय, पञ्चनद राजा पुरु गोप्य सल्लाहमा तल्लीन थिए । चारैतिर सैनिक हातमा नांगो तरवार, भाला लिई सतर्क दृष्टिले यताउति घुमिरहेथे चाणक्यका गुप्तचरले यसको झनक थाहा नपाऊन् भनेर ।

आफ्नो कपाल कन्याउँदै राक्षसले पुरुसँग भने- 'महाराज तपाईं विश्वास राख्नोस् यो एक ब्राह्मणको वचन हो । तपाईं बुझ्नुहुन्छ, राक्षस कहिल्यै झूठो बोल्दैन । राक्षसले चाणक्यको जस्तो धोका दिन सक्तैन, मगधविजयपछि कुमार मलय नै मगधको सम्राट हुन्छन् । यो पक्का बुझ्नुहोस् ।'

'मलाई तपाईंको कुरामा विश्वास छ, तर सोच्छु कतै पाणस्यलाई यो भेदबारे जानकारी नहोस् ती ब्राह्मण कुनचाहिँ विद्या जान्दछन् हार्ने काम उनीसम्म आइनै पुग्दैन जलातिर उनको दृष्टि पर्छ त्यसको निश्चित सर्वनाश हुन्छ भन्ने मान्छ पुरुसे अनिश्चयस्तो स्थितिमा भने ।

राक्षसले फेरि सान्त्वना दिदै लागे 'मानिसले लक्ष्य प्राप्त गर्न कर्म गर्दछ फल ईश्वरको अधीनमा हुन्छ । उर्लदो भेल आए पनि नदीमा नाउ (ग) चलन हुने डरले पानीमा पौडिन कोही छोड्दैन । जो हारेर चुप लागी वस्तु जितने उसलाई हेरेर होस म द चाणक्यले पाइला पाइलामा मलाई परास्त गरे, तर म फेरि अघिल्लो कामका लागि तयार हुन्छ । अब मेरो लक्ष्य बाली मालिकको हत्याको बदला लिनु छ, त्यो पनि चाणक्यलाई हराएर अब निर्णय हजुरको हातमा छ, चाहे यो प्रस्ताव स्वीकार गर्नोस् वा नगर्नोस् ।'

'होइन-होइन, यो कुरा होइन म चाणक्यसँग डराएं म त खाली सन्देह मात्र व्यक्त गर्दै थिए मलाई तपाईंको प्रस्ताव स्वीकार छ म कुमार मलयलाई तपाईंको जिम्मामा सम्पन्न किनकि यो सम्राट्को पुरुको) उत्तराधिकारी पनि ॐ नै हो । आजदेखि कैकेयको मन्त्रीमा तपाई नियुक्त हुनुभयो पुरुले भने ।

राक्षसले आफू मन्त्री नियुक्त भएपछि खुसी हुँदै तपाईंको कृपाका लागि म आभार प्रकट गर्दछु' भनी पुरुलाई भने । यस्तैमा टाढा कतै घोडाको टापको आवाज सुनियो जुन् झन् झन् नजिक हुँदै थियो यो आवाजले दुवैको कुरा समाप्त भयो । क्रमशः

# पर्यटनमा आयाम थप्दै बन्दीपुर

कृष्ण न्यौपाने

बाह्रै महिना शीतल, चिसो हावापानी । आँखै अगाडि सेताम्मे हिमाल । बिहानै झुल्किने घामको पहिलो प्रहर । समुन्द्री सतहबाट एक हजार ३० मिटर उचाइमा अवस्थित बन्दीपुरको चिनारी हो यो ।

कोलाहल, धुवाँधुलोबाट केही टाढा घुम्न जाने सोच बनाएकालाई अहिले तनहुँको 'पहाडकी रानी' नामले परिचित बन्दीपुर उत्कृष्ट गन्तव्यका रूपमा विकास भइरहेको छ । सदरमुकाम दमौलीदेखि १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दीपुर पुगिन्छ । यहाँबाट मनोरम हिमशृंखला, पहाड, टाकुरा अवलोकन गर्न सकिन्छ ।

प्राकृतिक सुन्दरता बोकेको बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरिलगायतका हिमशृंखला देखिने भएकाले यहाँ पुग्ने जोसुकैको मन लोभिने गर्दछ । भक्तपुरे शैलीमा निर्माण गरिएको घर, टुँडिखेल, थानीमाई, तीनधारा, रानीवन, रामकोट, सुनखरी, खड्गदेवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायतका स्थल यहाँ आउने पर्यटकको पहिलो रोजाइ बन्ने गरेको छ ।

सुन्दर हिशृंखलाको अवलोकनका साथै सूर्यास्तको दृश्य हेर्न र स्थानीय नेवारी कला संस्कृतिसँग रम्न पाइने भएका कारण पर्यटकको पहिलो रोजाइमा बन्दीपुर पर्दछ । तर, संरचना विकासमा नेपाल सरकारले खासै ध्यान नदिएको भन्दै बन्दीपुरेले नयाँ-नयाँ कार्यक्रम छनोट गरेका छन् । अहिले बन्दीपुर वरपर नयाँ गन्तव्यको खोजी चलिरहेको र पर्यटकलाई होमस्टे (घरबास) र सुविधा सम्पन्न होटेलको व्यवस्था पनि बन्दीपुरेले गरेका छन् ।

बन्दीपुर घुम्न आउने पर्यटकलाई आकर्षित गर्न बन्दीपुरमा सुविधा सम्पन्न होटेल रहेका छन् । बन्दीपुर आउने पर्यटक यहाँको हावापानी, संस्कृति, रीतिरिवाज देखेर एकदमै आकर्षित हुने गरेको बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसन प्रधान बताउँछन् । दुई/तीन दिनमात्रै बस्ने गरेर आएका पर्यटक पनि यहाँ आइसकेपछि थप केही दिन बसेर मात्र फर्किने गरेको उनको भनाइ छ । बन्दीपुर घुम्नमात्रै आउनेमध्ये अधिकांश पर्यटक पनि कम्तीमा एक रात बास बस्ने गरेको प्रधान बताउँछन् । बन्दीपुर पर्यटन विकास समितिले बन्दीपुरको प्रचारका लागि बेलाबेला महोत्सवकोसमेत आयोजना गर्दै आइरहेको छ ।

कोभिड-१९ को बन्दाबन्दीका बेला सुस्ताएको बन्दीपुरको पर्यटन अहिले तंग्रिने प्रयासमा छ । कोभिडका बेला बन्दीपुर ठप्पै भयो । विदेशी पर्यटकको पनि बाक्लो उपस्थिति रहने यहाँ त्यसबेला विदेशी त के नेपाली पर्यटकको पनि चहलपहल भएन । 'कोभिडले पर्यटन व्यवसाय र यहाँका व्यवसायीलाई नराम्ररी प्रभावित बनायो, अहिले विस्तारै तंग्रिने प्रयास गरिरहेको छ,' उनी भन्छन्, 'अहिले फाट्टफुट्ट मात्रै पर्यटक छन्, विस्तारै राम्रै होला ।'


अब सिजन सुरु हुनेबेला भएकाले पर्यटकको चहलपहल हुनेमा व्यवसायी आश्वस्त छन् । जाडो मौसम सुरु भएसँगै बन्दीपुर घुम्न आउने पर्यटकको चहलपहल बढ्छ । बन्दीपुर घुम्न आउने पर्यटकलाई यहाँका पर्यटकीय एवं ऐतिहासिकस्थलको बारेमा जानकारी दिने गरिएको छ । बन्दीपुरमा ढुंगाले छापेको बाटोबाट सवारीसाधन जान निषेध गरिएको र पुराना घर भएकाले पनि विदेशी आकर्षित हुने गरेका छन् ।

बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरिलगायतका हिमश्रृंखला देखिन्छ । भक्तपुरे शैलीमा निर्माण गरिएका घरहरू, टुँडिखेल, थानीमाई, तीनधारा, रानीबन, रामकोट, सुनखरी, खड्गदेवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायतका स्थल यहाँ आउने पर्यटकहरूको आकर्षणको केन्द्रबिन्दु बन्ने गरेको छ ।

### मौलिकताको नमुना सहर

बन्दीपुरमा रहेका परम्परागत घरका कारण यहाँको पर्यटनमा टेवा मिलेको बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापा बताउँछन् । काठका बुट्टा कुँदिएका झ्याल तथा ढोकाहरू, इँटाबाहिर देखिने प्यागोडाशैलीका घर बन्दीपुरको मुख्य आकर्षणका रूपमा रहेको थापाको भनाइ छ ।

अठारौं शताब्दीमा भक्तपुर र बनेपाबाट आएका नेवारले भक्तपुरे शैलीमा घर र ढुंगा बिछ्याइएको बाटो निर्माण गरेको स्थानीय बताउँछन् । बन्दीपुरमा अहिले पनि घर निर्माणमा मौलिकता अपनाउने गरिएको छ । बन्दीपुर बजारमा भएका पुरानो घरको आकर्षणले गर्दा पर्यटकको आगमन बढ्दै गएकाले गाउँपालिकाले बजार क्षेत्रभित्र आधुनिक र पश्चिमेली शैली झल्किने गरी घर बनाउन निषेध गरेको उनले बताए ।



गाउँपालिकाले बन्दीपुर रिङरोडभित्र र रिङरोडबाहिर ५०० मिटर क्षेत्रलाई संरक्षित उपक्षेत्र घोषणा गरेको छ । यस क्षेत्रभित्र घर बनाउँदा बस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत मापदण्ड २०७२ का साथै गाउँपालिकाले बनाएका केही नियम पालना गर्नुपर्ने थापाले बताए ।

'बन्दीपुरको प्राचीनकला तथा संस्कृति झल्किने घरको कारणले नै आज बन्दीपुर विश्वभर प्रख्यात भएको छ । बन्दीपुरको मौलिकता जोगाउन आधुनिक घर निर्माणमा रोक लगाएका छौं,' उनले भने । बजार क्षेत्रमा प्राचीन कला तथा संस्कृतिको संरक्षण हुनेगरी घर निर्माण गर्दा गाउँपालिकाले नक्सापासमा ५० प्रतिशत छुट दिने व्यवस्थासमेत गरेको छ ।

बजार क्षेत्रभित्र बनिसकेका घरको अगाडिको भाग प्राचीनशैलीमा निर्माण गर्न स्थानीयवासीलाई गाउँपालिकाले अनुरोधसमेत गरेको छ । उपक्षेत्रभित्र घर निर्माण गर्दा परम्परागत नेपाली शैली एवं आकारप्रकार काठका झ्याल, ढोका पसलको कवलमासमेत राख्नुपर्ने, चोकमाथि पर्नेगरी क्यान्टिलिभिर, बार्दली, कोठा निकाल्न नपाइने, बाहिरी गारोमा प्लास्टर नगरी प्रस्टसँग इँटा देखाउनुपर्ने, बाटो वा चोकतर्फ देखिने भागमा स्लोप छाना हुनुपर्नेलगायतका नियम बनाइएको छ ।

कला, वास्तुकला एवं धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण रहेको ठाउँमा, स्मारक वा स्मारकको कम्पाउण्डको वरिपरिका पहिलो पंक्तिका घर स्मारकभन्दा होचो हुनेगरी निर्माण गर्नुपर्नेछ । 'देशकै मध्यभागमा पर्ने, यातायातको सुविधा पुगेको र गण्डकी प्रदेशको दोस्रो पर्यटकीय गन्तव्यका रूपमा बन्दीपुर विकास भइरहेको छ,' थापाले भने, 'प्रदूषण र कोलाहल नभएकाले पनि बन्दीपुरमा पर्यटक आउन रुचाउँछन् ।'

### सुविधा सम्पन्न होटल खुल्दै

बन्दीपुरमा पर्यटकको आगमन वृद्धि हुन थालेपछि व्यवसायीलेसमेत सुविधा सम्पन्न होटल स्थापना गरेका छन् । वि.सं. २०५६ मा सरकारले बन्दीपुरलाई पर्यटकीय गन्तव्यका रूपमा स्वीकृति दिएपछि यस क्षेत्रमा होटल निर्माण सुरुआत भएको थियो ।

पर्यटन व्यवसायी सन्तकुमार श्रेष्ठले करोडौं लगानीमा बन्दीपुर माउन्टेन रिसोर्ट स्थापना गरेपछि यस ठाउँले गति लिन थालेको थियो । वि.सं. २०५७ मा श्रेष्ठले पहिलोपटक रिसोर्ट स्थापना गरेको बन्दीपुरमा हाल हिमालय दरबार, ग्रिनपार्क, फेवा, गाउँ घर, वर्ल्ड इन, बन्दीपुर प्यालेस, मगर भिजेललगायत साना ठूला गरी ५७ वटा होटल तथा २२ वटा होमस्टे सञ्चालनमा छन् । ती सबै होटलमा एकैपटक एक हजार ३०० देखि एक हजार ४०० पर्यटकले रात बिताउनसक्ने बताइएको छ ।

पर्यटन विकास समितिका पूर्वअध्यक्ष वैश गुरुङले केही वर्ष अगाडि मात्रै आठ करोड रूपैयाँको लागतमा होटल सञ्चालनमा ल्याएका छन् । बन्दीपुरमा कोभिड-१९ को प्रभाव अगाडि पनि नयाँ-नयाँ होटल सञ्चालनमा आइसकेका छन् ।

### २० वर्षे गुरूयोजना

गाउँपालिकाले २० वर्षे गुरुयोजना तयार गरिसकेको छ । विश्वभर प्रख्यात ऐतिहासिक पर्यटकीय नगरी बन्दीपुरको विकासका लागि विभिन्न पक्षलाई समेटेर गुरुयोजना बनाइएको गाउँपालिकाले जनाएको छ ।

काठमाडौं, पोखरा र सौराहाजस्ता पर्यटकीय केन्द्रका बीचमा रहेको बन्दीपुरलाई यिनै केन्द्रहरूको पनि केन्द्रको रूपमा विकास गर्ने गाउँपालिकाको सोच रहेको छ । बन्दीपुर आफैंमा एउटा प्राकृतिक सौन्दर्यता र पर्यटकीय सम्भावना बोकेको ठाउँ भएकाले यसलाई संरक्षण, सम्वर्द्धन र विकास गरी यो क्षेत्रको प्रमुख आयस्रोत नै पर्यटन बनाउने योजनासहित गाउँपालिकाले कार्यक्रम अगाडि बढाउने अध्यक्ष थापाले बताए ।

### पाँचतारे होटलसहितको केबलकार आकर्षण

बन्दीपुरमा पाँच तारे होटलसहितको केबलकार निर्माण तीव्र गतिमा भइरहेको छ । कोभिडका कारण केही समय काम प्रभावित भए पनि अहिले उक्त कामले गीत लिएको छ । बन्दीपुरको पर्यटनलाई थप प्रवर्द्धन गर्ने माध्यम केबलकार पनि बन्नसक्ने विश्वास गरिएको छ । पाँचतारे होटलसहित निर्माण भइरहेको परियोजनाको काम हालसम्म ७५ प्रतिशत सकिएको बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेडले जनाएको छ ।

वि.सं. २०७५ साउनदेखि निर्माण सुरु भएको केबलकार परियोजना विभिन्न कारणले ढिलाइ हुँदै आएको लिमिटेडका अध्यक्ष रामचन्द्र शर्माले बताए । 'दुई वर्ष त कोभिड-१९ र बन्दाबन्दीका कारण परियोजनाको काम नराम्ररी प्रभावित भयो,' उनले भने, 'त्यसयता पनि निर्माण सामग्री समयमै आउन नसक्दा काम ढिलाइ हुँदै आयो । अहिले तीव्ररूपमा काम अगाडि बढेको छ ।'

उनका अनुसार यतिबेला केबलकार परियोजनाको काम द्रुत गतिमा अगाडि बढाइएको छ । केबलकार आगामी नयाँ वर्षदेखि सञ्चालनमा ल्याउनेगरी काम थालिएको शर्माले बताए । 'वि.सं. २०८० वैशाख १ गतेदेखि केबलकार सञ्चालनमा आउँछ, केबलकारको टावर जडान सुरु भएको छ,' उनले भने ।

> कोलाहल, धुवाँधुलोबाट केही टाढा घुम्न जाने सोच बनाएकालाई अहिले तनहुँको 'पहाडकी रानी' नामले परिचित बन्दीपुर उत्कृष्ट गन्तव्यका रूपमा विकास भइरहेको छ । सदरमुकाम दमौलीदेखि १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दीपुर पुगिन्छ । यहाँबाट मनोरम हिमशृंखला, पहाड, टाकुरा अवलोकन गर्न सकिन्छ ।

केबलकार र होटलको क्षमता बढेकाले लगानी पनि वृद्धि भएर दुई अर्ब ६० करोड रूपैयाँ पुगेको छ । यसअघि केबलकारको क्षमता प्रतिघण्टा ३०० रहेकामा त्यसलाई बढाएर ५०० पुर्‍याइएको छ । होटलको कोठा संख्या ६६ रहेकामा त्यसलाई बढाएर ८७ पुर्‍याइएको छ । १० तलाको होटलसहितको भवनमा आधुनिक भ्युटावर, बैंक्वेट हल र ८० कोठाका स्तरीय होटल निर्माण हुनेछ । होटलको पूर्वाधारको काम सकिएको र सजावटको काम बाँकी रहेको शर्माले बताए ।

कम्पनीले केबलकारभित्रै रेस्टुरेण्ट सञ्चालनको तयारीसमेत गरेको छ । साँझ ५ बजेपछि केबलकारभित्रै रेस्टुरेण्ट सञ्चालन हुनेछ । एक घण्टाको २५ हजार रूपैयाँ शुल्क तिरेपछि १०/१५ हजार रूपैयाँ बराबरको खानाको सुविधा पनि दिइने जनाइएको छ । 'केबलकारभित्र रेस्ट्रोको सुविधा प्रत्येक आकर्षण र हट प्रडक्ट बन्छ, प्रत्येक दिनको अफ आवर साँझ ५ बजेदेखि ९ बजेसम्म यो सेवा दिने तयारीमा छौं,' शर्माले भने । उनका अनुसार तल्लो र माथिल्लो स्टेसनमा रेस्टुरेण्ट हुने भएकाले रेस्ट्रो प्याकेजमा सेवा दिन सक्नेछ । *रासस*

## पत्र–मञ्जुषा

# सोझो जनतालाई मात्रै लाग्ने कस्तो कानुन ?

२०७४ सालमा टीकापुर निर्वाचन क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित नागरिक उन्मुक्ति पार्टीका रेशम चौधरी अहिले पनि जेलमै छन् । २०७२ सालमा नेपाल संविधान बन्दा टीकापुरमा भएको आन्दोलनमा प्रहरीलाई मारियो । घटना घट्ने बेला चौधरी त्यहाँ नभएको बताइन्छ । चौधरीले बारम्बार उक्त आन्दोलनमा आफू सरिक नभएको र प्रहरीलाई आफूले नमारेको बताउँदै आएका छन् ।

तर, सरकारले उनलाई समात्यो । राज्यबाट पाउनुपर्ने सेवासुविधा आफूले पनि पाउनुपर्ने र टीकापुरमा पनि विकास हुनुपर्ने जनताहरुको माग थियो । विकास नहुँदा टीकापुरका जनता पछि परेको भन्दै त्यहाँ आन्दोलन सरु भएको थियो । आफ्ना मागहरु संविधानमा उल्लेख हुनुपर्ने भन्दै जनताहरु सडकमा उत्रिए । राजनीति तवरबाट गरिएको आन्दोलन पछि हिंसामा परिणत भयो ।

उक्त आन्दोलनमा परेर प्रहरी र भर्खरैको शिशु मरेपछि सरकारले चौधरीलाई नियन्त्रणमा लियो । चौधरीले दिएको बयानअनुसार उक्त आन्दोलनमा उनको सहभागिता छैन । जनता र प्रहरीबीच दोहोरो भिडन्त चल्दा अप्रिय घटना घटेको उनको भनाइ छ । २००७ देखि २०७९ सालसम्म आइपुग्दा धेरै आन्दोलन भए । नेकपा माओवादीको जनयुद्ध, मधेसी दल, नेपाली कांग्रेस, नेकपा एमालेमा भएका नेताहरु मान्छे मारेका छन् ।

माओवादीको जनयुद्धमा पनि कति नेपाली मरे ? मधेस आन्दोलनमा परेर कति सीधासाधा जनताले ज्यान गुमाए ? त्यसो भए त यी सबै नेताहरु अहिले जेलमा हुनुपर्ने हो । उनीहरुले मान्छे मार्दा राजनीतिक आन्दोलन, चौधरीको चाहिँ व्यक्तिगत आन्दोलन बनाइयो । अदालतले चौधरीलाई आजीवन कैद सजाय सुनाइसकेको छ ।

घटना घटेपछि चौधरी भूमिगत गएका थिए । अरुको माध्यमबाट उनले आफ्नो उम्मेदवारी दर्ता गराए । घरघरमा भोट माग्न नगईकन टीकापुरका जनताले उनलाई विजयी गराए । चौधरीले उठाएको मुद्दा टीकापुरको जनताका लागि भएको यहाँबाट त स्पष्ट भयो । सो मुद्दा व्यक्तिगत नभई टीकापुर जनताको मुद्दा रहेछ भन्ने प्रमाणित भयो । २०७४ सालमा चुनाव जितेपछि चौधरी आफैं अदालतमा उपस्थित भए ।

उनले कानुनको सामु आत्मसर्मपण गरे । तर, अदालतले राजनीतिक घटनालाई व्यक्तिगत स्वार्थ भनेर जन्मकैद फैसला सुनाइदियो । चौधरी अहिले जेलमा छ । उनी जेलबाट ननिस्किए पनि राजनीतिमा उनी सक्रिय छन् । सजाय काटिरहेका उनीमाथि जनताको कति विश्वास छ ? भन्ने अहिलेको निर्वाचनमा प्रस्ट भइसकेको छ । उनको श्रीमती र बुवालाई भारी मत दिएर विजयी गराए ।

चौधरीलाई आरोपकै भरमा सरकारले जेलमा कोचेको छ । यदि आरोपकै भरमा जेलमा कोच्ने हो भने अन्य किन बाहिर छन् ? ओलीमाथि झापामा मान्छे मारेको आरोप छ । प्रचण्डमाथि १७ हजार नेपाली जनता मारेको आरोप छ । रवि लामिछानेमाथि पनि आत्महत्या गर्न बाध्य बनाएको आरोप छ । पत्रकार शालिग्राम पुडासैनीलाई मर्नुपर्ने बाध्यता बनाएको आरोप त रविमाथि लागेको छ ।

मधेसी दललाई कसले समात्ने ? उपेन्द्र यादवलगायत अन्य मधेसी नेताहरु किन बाहिर घुमिरहेका छन् ? मधेसी आन्दोलनमा उपेन्द्रले छुरा रोपेर एकै ठाउँमा दुई दर्जन मान्छे मारेका छन् । नेपाली कांग्रेसका सांसदसमेत रहेका आलममाथि पनि इँटाभट्टामा मान्छे हालेर पोलेको आरोप छ । उनले पनि सजाय काटिरहेका छन् । कुनैलाई आरोप मात्र लाग्दा थुन्ने कुनैको केसमा प्रमाण हुँदा अदालतले छोड्ने ?

सिके राउत अहिले सांसद्मा चुनिएका छन् । सरकारले राजनीतिक घटनाक्रम बताउँदै छुट दियो । यदि सबैलाई छुट दिने हो भने चौधरी र आलम अहिले किन जेलमा छन् ? सरकारले उनीहरुले मान्छे मारेको देखेको छ ? सरकारसँग केही प्रमाण छ, उनीहरुलाई सजाय सुनाउन । पहुँच, पैसा र पावर भएकाले जे गर्दा पनि हुने, अनि सीधा जनताले चाहिँ गल्ती नै नगरी आरोपको भरमा सजाय भोग्नुपर्ने कस्तो कानुन हो यो ?

– ***रमिता चौधरी***, *कोटेश्वर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online


पर्वतको कुश्मा–ज्ञादी अग्लो तथा लामो झोलुंगे पुल तरेर पुग्न सकिने रमणीय गाउँ ज्ञादी फाँटबाट बेलुकीपख आफ्नो गन्तव्यमा उड्दै गरेका चराहरू र पृष्ठभूमिमा देखिएका सेता माछापुच्छ्रेलगायतका हिमशृंखला । *तस्बिरः सुमनजंग थापा/रासस*

# मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु

**तनहुँ (प्रस)**– तनहुँमा मोटरसाइकल दुर्घटनामा परेर शनिबार एक युवकको मृत्यु भएको छ । घिरिङ गाउँपालिका-१ पुटारका २२ वर्षीय सुनिल दरैको मोटरसाइकल दुर्घटनामा परी मृत्यु भएको हो ।

जगौलिटारस्थित कच्ची सडकमा बनटारबाट पुटारतर्फ जाँदै गरेको लु३९प ५०९७ नंको मोटरसाइकल अनियन्त्रित भई सडकदेखि ५० मिटर तल खस्दा दरैको मृत्यु भएको हो । दुर्घटनामा परी सख्त घाइते दरैको सेतीगंगा अस्पताल बेलचौतारामा उपचारका क्रममा मृत्यु भएको प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिए ।

मोटरसाइकलमा सवार सोही वडाका २१ वर्षीय खुमबहादुर राना र २१ वर्षीय रामबहादुर कुमाल गण्डकी मेडिकल अस्पताल पोखरामा उपचार गरी घर फर्किएका प्रहरीले जनाएको छ ।

# मुगुको प्रदेशसभा–२ मा माओवादी केन्द्रका शाही विजयी

**मुगु (प्रस)**– मुगुमा प्रदेशसभा (२) मा नेकपा माओवादी केन्द्रका उम्मेदवार मंगलबहादुर शाही विजयी भएका छन् । उनले निकटतम् प्रतिद्वन्द्वी नेकपा एमालेका उम्मेदवार कर्णबहादुर मल्ललाई पराजित गरेका हुन् ।

जिल्ला निर्वाचन अधिकृत विष्णुप्रसाद न्यौपानेका अनुसार विजयी शाहीले आठ हजार ४२९ मत प्राप्त गरे । एमाले उम्मेदवार मल्लले चार हजार ८८४ मत ल्याए । यस क्षेत्रमा कूल १३ हजार ६२६ मत खसेको थियो । शाहीले मल्ललाई तीन हजार ५४५ मतान्तरले पराजित गरेका हुन् ।

यसअघि प्रतिनिधिसभा सदस्यमा सत्ता गठबन्धनबाट नेपाली कांग्रेसका उम्मेदवार ऐनबहादुर शाही विजयी भएका थिए । उनी १४ हजार ७०२ मत प्राप्त गर्दै विजयी भएका हुन् । शाहीले निकटतम् प्रतिद्वन्द्वी नेकपा एमालेका राजबहादुर कार्कीलाई तीन हजार ९९४ मतान्तरले पराजित गरेका थिए ।

यस्तै प्रदेशसभा (१) मा एमालेका जितबहादुर मल्ल विजयी भएका थिए । उनले छ हजार ६१८ मत प्राप्त गर्दै सत्ता गठबन्धनबाट नेकपा एकीकृत समाजवादीका गोपालबहादुर बमलाई पराजित गरेका थिए ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KAWAL HIKMAH SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०६/१५ पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/०९ LT. No. 272870 चलानी नं. ६०१९८८६४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 117 | 0 | 1500 | ४४८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर १८ गते (4th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT. LTD**
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com
श्रम ईजाजत नं. ६८४/०६३/०६४



## Saudi Arabia मा बैदेशिक रोजगारको अवसर

कम्पनीः– ATHAB AMAR COMPANY, Riyadh , Saudi Arabia

पूर्व स्वीकृति मिति : २०७९/०८/०९ चलानी नम्वरः– ६०१९२१२२ Lt No:276473

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्युनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 01 | - | स.काममा दक्ष | 1500 | ५१,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।– | कामदार स्वयं रु. १५००।– | निशुल्क |

अन्तर्वार्ता २०७९ मंसिर १७ गते (3 Dec., 2022) मेनपावर कार्यालय तिनकुनेमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :– १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

**ब्रोडलिंक ओभरसिज प्रा. लि.**
तिनकुने, काठमाण्डौं, फोन नं. ५१९९३७८, Email: broadlink907@gmail.com
श्रम इजाजत नं. ९०७/०६७/६८


# सुदूरपश्चिममा कांग्रेस पहिलो दल

■ सिद्धराज भट्ट




**सुदूरपश्चिम–** मंसिर ४ मा सम्पन्न निर्वाचनमा सुदूरपश्चिम प्रदेशमा प्रतिनिधिसभा सदस्यका १५ र प्रदेशसभाका ३० निर्वाचन क्षेत्रको प्रत्यक्षतर्फको अन्तिम नतिजा आइसकेको छ । प्रदेशमा प्रतिनिधिसभाका १६ र प्रदेशसभाका ३२ निर्वाचन क्षेत्रमध्ये बाजुरा जिल्लाको नतिजा आउन बाँकी छ । मतदानको दिन उत्पन्न असहज परिस्थितिका कारण रोकिएको बाजुराको एक केन्द्रमा शनिबार मतदान भएको छ ।

सुदूरपश्चिमको डडेलधुराबाट प्रतिनिधित्व गर्ने प्रधानमन्त्री शेरबहादुर देउवासहित नेपाल सरकारका दुई मन्त्री प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन् । प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति देउवाका निकटतम् प्रतिस्पर्धी स्वतन्त्र उम्मेदवार सागर ढकाल रहे । वि.सं. २०४८ यता भएका निर्वाचनमा देउवा विजयी हुँदै आएका छन् ।

दार्चुलाबाट प्रतिनिधित्व गर्ने उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री एवं कांग्रेस नेता दिलेन्द्रप्रसाद बडू विजयी भए । उनले एमालेका नेता गणेशसिंह ठगुन्नालाई पराजित गरे । बडू यसअघि वि.सं. २०७४ मा भएको निर्वाचनमा कांग्रेसको समानुपातिक सूचीबाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका थिए ।

यसैगरी श्रम तथा रोजगारमन्त्री एवं नेकपा एकीकृत समाजवादीका नेता शेरबहादुर कुँवर अछाम-१ बाट निर्वाचित भए । उनका निकटतम् प्रतिस्पर्धी एमालेका झपटबहादुर बोहरा रहे । नेकपा एमाले र तत्कालीन नेकपामा आएको विभाजनसँगै उनी नेकपा एकीकृत समाजवादीमा प्रवेश गरेका थिए ।

नेपाली कांग्रेसबाट डडेलधुरामा प्रधानमन्त्री देउवा, कञ्चनपुर ३ बाट रमेश लेखक, कञ्चनपुर २ बाट एनपी साउँद, कैलाली ४ बाट वीरबहादुर बलायर, कैलाली ५ बाट डिल्लीराज पन्त, दार्चुलाबाट उद्योगमन्त्रीसमेत रहेका बडू र अछाम २ बाट पुष्पबहादुर शाहसहित सात जना प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन् ।

यस्तै नेकपा एकीकृत समाजवादीबाट अछाम १ मा श्रममन्त्रीसमेत रहेका कुँवर, बझाङमा भानुभक्त जोशी र डोटीबाट प्रेमबहादुर आलेमगर निर्वाचित भएका छन् । नागरिक उन्मुक्ति पार्टीबाट कैलाली १ मा रञ्जिता श्रेष्ठ चौधरी, क्षेत्र २ मा अरुण चौधरी र क्षेत्र ३ मा गंगाराम चौधरी प्रतिनिधिसभामा निर्वाचित भए । टीकापुरको हिंसात्मक घटनामा अदालतबाट दोषी ठहर रेशमलाल चौधरीकी पत्नी रञ्जिता नागरिक उन्मुक्ति पार्टीकी केन्द्रीय अध्यक्ष छिन् ।

नेकपा माओवादी केन्द्रबाट उम्मेदवार रहेका बैतडीका नरेन्द्र कुँवर (विजयसुन्दर) कञ्चनपुर १ का बिना मगर, कैलाली २ का भगत बडुवाल र ३ का कृष्णकुमार चौधरी प्रतिनिधिसभा सदस्यमा पराजित भएका छन् । प्रतिनिधिसभा सदस्यमा सुदूरपश्चिमबाट नेकपा माओवादी केन्द्र शून्य भएको छ ।

नेकपा एमालेका प्रदेश अध्यक्ष दामोदर भण्डारी बैतडीबाट र तारा लामा तामाङ कञ्चनपुर १ बाट प्रतिनिधिसभामा निर्वाचित भए । तामाङ पार्टी विभाजनका बेला एमालेबाट नेकपा एकीकृत समाजवादीमा प्रवेश गरेर निर्वाचनअघि पुनःएमालेमै फर्किएका थिए । एमालेका सुदूरपश्चिम इञ्चार्ज लेखराज भट्ट कैलाली ४ मा कांग्रेस नेता वीरबहादुर बलायरसँग पराजित भए । प्रदेश सरकारका बहालवाला दुई मन्त्री पराजित हुँदा दुई मन्त्री भने विजयी भएका छन् ।

प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री एवं प्रदेशसभामा नेपाली कांग्रेस संसदीय दलका नेता डा. रणबहादुर रावल कैलाली क्षेत्र १ को प्रदेशसभा २ बाट पराजित भएका छन् । उनी नागरिक उन्मुक्ति पार्टीका प्रत्यासीसँग पराजित भएका हुन् । डा. रावल पाँच वर्षअघि प्रत्यक्षतर्फको निर्वाचनमा सोही क्षेत्रबाट विजयी भएका थिए ।

प्रदेशका सामाजिक विकासमन्त्री एवं कांग्रेस नेता गोविन्दराज बोहरा डडेलधुरा २ को प्रदेशसभा सदस्यमा पराजित भएका छन् । उनी स्वतन्त्र उम्मेदवार डा. तारा जोशीसँग पराजित भए । बोहरा पाँच वर्षअघिको निर्वाचनमा कांग्रेसको समानुपातिक सूचीबाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए ।

प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री एवं नेकपा माओवादी केन्द्रका नेता मानबहादुर धामी दार्चुलाको प्रदेशसभा सदस्यमा दोस्रो पटक निर्वाचित भए । उनका निकटतम् प्रतिस्पर्धी एमालेका हरदेव जोशी रहेका छन् ।

प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री एवं नेकपा एकीकृत समाजवादीका नेता दीर्घबहादुर सोडारी कैलाली ४ बाट र सोही पार्टीका नेता एवं आर्थिक मामिलामन्त्री प्रकाश रावल कञ्चनपुर ३ बाट प्रदेशसभामा निर्वाचित भए । दोस्रो पटक प्रदेशसभामा निर्वाचित सोडारी र रावलले क्रमशः एमालेका भीमबहादुर देउवा र माओवादी केन्द्रका टेकेन्द्रप्रसाद भट्टलाई पराजित गरे ।

प्रदेशसभाका निवर्तमान सदस्य, नेकपा एकीकृत समाजवादीका नेता अमरबहादुर साउद कैलालीबाट र लालबहादुर खड्का कञ्चनपुरबाट प्रदेशसभा सदस्यमा पराजित भएका छन् । नेकपा माओवादी केन्द्रका नेता अक्कलबहादुर रावल अछामको प्रदेशसभाबाट दोस्रो पटक निर्वाचित हुँदा सोही पार्टीका नन्दबहादुर साउद भने कैलालीको प्रदेशसभा सदस्यमा पराजित भए । प्रदेशसभाका निवर्तमान सदस्य एवं एमालेका नेताद्वय पठानसिंह बोहरा डडेलधुरा र लीलाधर भट्ट बैतडीको प्रदेशसभा सदस्यबाट पराजित भए ।

निर्वाचनअघि एमालेबाट नागरिक उन्मुक्ति पार्टीमा प्रवेश गरेर प्रदेशसभा सदस्यको टिकट पाएका प्रदेशसभाका निवर्तमान सदस्य रतनबहादुर थापा कैलालीबाट पराजित भए । यस्तै प्रदेशसभाका निवर्तमान सदस्य तराई-मधेस लोकतान्त्रिक पार्टीका कृष्णबहादुर चौधरी कैलाली १ को प्रदेशसभा सदस्यमा पराजित भए ।

सुदूरपश्चिम प्रदेशसभा सदस्यमा नेपाली कांग्रेसबाट कैलालीका प्रकाशबहादुर देउवा, प्रकाश बम र कमलबहादुर शाह, कञ्चनपुरबाट दिवानसिंह विष्ट, बहादुरसिंह थापा र बेलबहादुर रानामगर, अछामबाट मेघराज खड्का र मानबहादुर रावल, बझाङबाट पृथ्वीबहादुर सिंह, बैतडीबाट शिवराज भट्ट, दार्चुलाबाट विक्रमसिंह धामीसहित ११ जना निर्वाचित भएका छन् ।

यस्तै प्रदेशसभा सदस्यमा निर्वाचित हुनेमा नेकपा माओवादी केन्द्रबाट रमेश धामी, कैलाली, खगराज भट्ट, डडेलधुरा, शिवसिंह ओली, डोटी, ओमविक्रम भाट, कञ्चनपुर, भीम भण्डारी बझाङ, मानबहादुर धामी, दार्चुला र अछामबाट अक्कलबहादुर रावल र झपटबहादुर साउदसहित आठ जना छन् ।

नागरिक उन्मुक्ति पार्टीबाट प्रदेशसभा सदस्यमा कैलालीबाट रामेश्वर चौधरी, कैलाश चौधरी, लक्ष्मणकिशोर चौधरी, घनश्याम चौधरी र खुशीराम चौधरीसहित पाँच जना र नेकपा एकीकृत समाजवादीका दीर्घबहादुर सोडारी, प्रकाश रावलसहित दुई जना निर्वाचित भएका छ ।

यस्तै नेकपा एमालेबाट प्रदेशसभामा निर्वाचित हुने तीन जनामा वीरबहादुर थापा कञ्चनपुर र सुरेन्द्र पाल बैतडी र चक्र मल्ल डोटी छन् । डडेलधुराबाट स्वतन्त्र उम्मेदवार डा. तारा जोशी पनि प्रदेशसभामा विजयी भएका छन् । प्रदेशसभामा ५३ सदस्य रहेका छन् । प्रत्यक्षतर्फको बाजुराको दुई नतिजा र समानुपातिकको २१ सदस्यको नतिजा आउन बाँकी छ । *रासस*


## मोटरसाइकल हराएको सूचना

मिति २०७९/०६/२७ गते निम्न विवरणको रातो, कालो रङको Pulsar 220 CC Model को मोटरसाइकल भक्तपुर, सुर्यविनाएक स्थित साझको करिब ७:३० देखि ८:०० बजेको समयमा हराएको हुँदा देख्नुहुने महानुभावले तुरून्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

सवारी धनीको नाम : विश्वास तामाङ
बाइक नं. : बा.प्र -०२-०३५ प ६४७९
च्यासिस नं.:MD2A13EX7NCK 80654
इन्जिन नं. : DKXCMJ 34957
ठेगाना : जुगल गा.पा. ६
मो. : ९८५१३३५३४८



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०८/११

यस कम्पनीको मिति २०७९/०७/१५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **झ्याली एजुकेशन हव प्रा.लि. (प्रा.लि. नं. ११७०६७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०७/२१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **नेओ एजुकेशन वर्ल्ड प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



## सूचना ! सूचना !! सूचना !!!

यस ओखलढुङ्गा जिल्ला स्थित रूम्जाटारमा ईतिहासिक संग्रालय निर्माणको लागी मिति २०७९ साल मंसिर ११ गतेको आईतबारबाट यस अरिदमन गणले १५ दिने सिल कोटेशन आह्वान गरिएको छ । थप जानकारिको लागी सम्पर्क नं. ०३७५२०२०० र www.bolpatra.gov.np/egp/ Login गरि हेर्नु होला ।



## प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्
## शुक्लाफाँटा बहुप्राविधिक शिक्षालय
## झलारी, कंचनपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०७९/०७/११**

यस शुक्लाफाँटा बहुप्राविधिक शिक्षालयबाट Class Room Block निर्माण कार्यका लागि राष्ट्रिय दैनिक पत्रिका गोरखापत्रमा मिति २०७९/६/१३ गते प्रकाशित सूचना बमोजिम रिटपूर्वक प्राप्त हुन आएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लेखित बोलपत्र दाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा निम्न उल्लेखित कार्यको लागि देहायको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिने भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप-दफा (२) तथा विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका २०७४ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | कामको विवरण | ठेक्का नं. | सूचना प्रकाशित मिति | बोलपत्र दाताको नाम र ठेगाना | बकुल गरेको रकम (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|---|
| 1. | Construction of Classroom block of Shuklaphanta Polytechnic institute | CTEVT/SPI Exp.079/80, Civil-01 | २०७९/०६/१३ | Chandi Devi Nirman Sewa, Trishuli Nuwakot Nepal | रु.४,०५,६७,४९५।०९ |



## Tribeni Rural Municipality
## Office of Rural Municipal Executive
Simrutu, Kharaneta Rukum (West)
Karnali Province, Nepal

**Invitation for Quotations for the Simrutu Healthpost Building Construction(flooring work) Project**

Date of publication: 27-11-2022

1. The *Tribeni Rural Municipality Simrutu Kharaneta, Rukum(west)* invites sealed quotations for the constructions of **Simrutu Healthpost Building Construction(flooring work).**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of *Tribeni Rural Municipality Simrutu Kharaneta, Rukum(west)* **or may visit PPMO website www.bolpatra.gov.np., 9801925763.**
3. Sealed bids must be submitted by the through e-GP system i.e **www.bopatra.gov.np/egp on before 12- 12-2022 12:00 hours.**
4. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Description of work**

| S. N. | Contract Nos. | Description of work | Bid fee(NRs.) | Bid Security (NRs.) | Estimated Amount (Excluding VAT) NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | TRM-SHPBC/ 04/2079/080 | Simrutu Healthpost Building Construction (flooring work) | 1,000/- | 36,000/- | 1273812.09/- | Laxmi Bank Limited Rajasho Khata:- 08703000156 Dharauti Khata:- 08703000084 |

**Prem Bahadur Gharti**
**Chief Administarative officer**

# प्रभाव दैनिक





## परिन्दा र परिसालाई उपाधि

हेरिटेज प्याजेन्टस् २०२२ अन्तर्गत मलेशियाको क्वालालम्पुरमा सम्पन्न भएको मिस एण्ड मिसेस् हेरिटेज इन्टरनसनल २०२२ मा नेपाली प्रतिष्पर्धी परिन्दा परी श्रेष्ठ र परिसा रानाभाटले विधागत अवार्ड जितेका छन् । प्रतियोगितामा मिसेस् तर्फकी सहभागी परिन्दा परी श्रेष्ठ मिसेस् एलिगेन्स विधामा विजेता चयन भएकी हुन् भने मिस तर्फकी सहभागी परिसा रानाभाटले मिस मल्टिमिडिया अवार्ड जितिन् ।




आइतबार, ११ मंसिर २०७९ (Sunday, November 27, 2022)


# नेपालसँगै विदेशमा रेकर्ड बनाइरहेको 'महापुरूष'



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'महापुरूष' प्रदर्शनको पाँचौ हप्तामा प्रवेश गरेको छ। नेपालसँगै अमेरिका, अष्ट्रेलियामा प्रदर्शन भइरहेको फिल्म गत सातादेखि युरोप र आउँदो सातादेखि मध्यपूर्वी देशहरूमा प्रदर्शन हुँदैछ ।

नेपाली दर्शकबाट पाइरहेको समीक्षाले विदेश प्रदर्शनलाई मद्दत पुगेको छ । यस्तै, अमेरिकाको डलासबाट सुरू भएको प्रदर्शन समेत पाँचौ हप्तामा छ । फिल्म हेर्ने दर्शकमार्फत प्रतिक्रियाले नै यसको पब्लिसिटी भइरहेको छ । यसैले गर्दा फिल्म '५१ औं' दिनतर्फ लम्किरहेको छ ।

फिल्म हेर्न स-परिवार हलसम आउने हुँदा पनि यसको दर्शक बढिरहेका छन् । चाडपर्व सकिएपछि प्रदर्शनमा आएको फिल्मलाई विदेशी फिल्मले समेत असर गरेको छैन । हप्तैपिच्छे प्रदर्शनमा आउने विदेशी फिल्मले शुक्रबार र शनिवार शोमा असर गरे पनि दर्शकको खोजीमा परेपछि 'महापुरूष' उही लयमा फर्किरहेको छ ।

अर्थात् फिल्मले प्राप्त गरेको शोहरू दिउँसो र रात्रिसमयको हाउसफुल छन् । यसैले गर्दा पनि पहिलो दिन पाएको शो र प्रदर्शनको ३०औं दिनमा पाएको शोहरूमा भिन्नता छैन । चुनावपछिको माहोल र विश्वकप फुटवलसँगै जाडोले व्यापारमा असर गरेको छैन । 'महापुरूष'ले पाइरहेको शो संख्या गन्ने हो भने केही फिल्मलाई पहिलो दिन मल्टिप्लेक्स यत्तिको शो पाउन मुस्किल पर्ने गर्छ ।

नेपालमा मात्र नभई संयुक्तराज्य अमेरिकामा समेत यसले ५१औं दिनको यात्रा तय गर्दैछ। स्थानीय वितरक नेपाल वानवान इन्टरटेनमेन्ट एलएलसीका प्रतीक सुवेदीले नेपालसँगै रेगुलर प्रदर्शन भइरहेको जानकारी दिए। 'हामीले नेपाल भैंm अमेरिकाको विभिन्न सहरहरूमा रेगुलर प्रदर्शन गरिरहेका छौं ।

अहिलेसम्म दुई सय भन्दा बढी शो भइसकेका छन् । यो फिल्म ०२३ को सुरुवातसम्म प्रदर्शन हुने अनुमान गरेको छु', वितरक सुवेदीले भने । उनले दैनिक तीनदेखि चार शो राखिएकोमा भरिभराउ भइरहेको बताए । उत्तरी अमेरिकामा सबै भन्दाबढी प्रदर्शन हुने नेपाली फिल्मको रेकर्ड बनाइसकेको फिल्मले क्यानाडासमेत प्रदर्शनको आरम्भ गरिसकेको छ ।

यस्तै, फिल्म अष्ट्रेलियाको विभिन्न सहरमा प्रदर्शन भइरहेको छ । एमएसएम इभेन्ट्स सिड्नी, क्यानबेरा, तास्मानिया, मेलबर्न लगायतका सहरहरूमा प्रदर्शन गरिसकेको छ। २० नोभेम्बरदेखि युरोपका विभिन्न सहरहरूमा यसलाई किरण गुरुङले प्रदर्शन गरिरहेका छन् । मध्यपूर्वी देशहरू अन्तर्गत संयुक्त अरब इमिरेट्स, बहराइन, ओमान, कतारमा आउँदो डिसेम्बर १ देखि प्रदर्शन हुँदैछ ।

मिड्ल इस्टका देशहरूमा प्रदर्शनको अधिकार लिएका निप फिल्म्सका संचालक रमेश ढकालले भक्स, नोभा, स्टार, रोयल, ओस्कार, सिनेको, सिनेपोलिस लगायतका सिनेमाजहरूमा फिल्म 'महापुरूष' प्रदर्शन हुने जानकारी दिए। 'कोभिड पश्चात प्रदर्शन भइरहेका फिल्म मध्य कबरी ४ पश्चात महापुरूषको डिमाण्ड धेरै छ । यसलाई विदेशी फिल्म भैंm रेगुलर शोमा प्रदर्शन गरेका छौं । अन्य फिल्म भैंm बक्सअफिसमा टिकेट लिएर यहाँ समेत फिल्म हेर्न पाइन्छ', वितरक ढकालले भने,'विस्तारै यहाँ नेपाली फिल्मको दर्शक बढिरहेका छन् । राम्रो फिल्महरू आउँदा बजार विस्तारमा टेवा पुग्छ । म विगत केही वर्षदेखि यहाँ फिल्म प्रदर्शनको लागि अहोरात्र मेहनत गरिरहेको छु ।'

फिल्ममा मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, गौरी मल्ल, राजाराम पौडेल, रवीन्द्र सिंह बानियाँ, शिरू विष्टसँगै नवप्रस्तुतिमा अरुण क्षेत्री र अञ्जना बराईली मुख्य भूमिकामा रहेका छन् ।

# राजधानीमा गुञ्जिँदै 'एक्सिस'



■ प्रभाव संवाददाता

**काठमाडौं–** साङ्गीतिक व्याण्ड 'एक्सिस' पाँच वर्षपछि काठमाडौंमा 'एक्सिस लाइभ इन काठमाडौं'मार्फत दर्शक माझ गुञ्जिने भएको छ । पीभीइ नेटवर्कको व्यवस्थापनमा आगामी मङ्सिर १६ गते शुक्रबार अर्थात् डिसेम्बर २ मा क्लबफरेनहाइटमा एक्सिसले कार्यक्रम गर्न लागेको हो ।

पाँच वर्षअघि एक्सिसले नेपालमा दर्शकको हाउसफूल उपस्थितिमा कन्सर्ट गरेको थियो । यो कन्सर्ट पछि एक्सिसले नेपाल बाहिर धेरै सफल कार्यक्रम गरेर दर्शकलाई मनोरञ्जन दिएको थियो । पीभीइ नेटवर्कका अनुसार एक्सिसको प्रस्तुती अघि झिल्के एण्ड द कम्पनीले दर्शकलाई झुमाउनेछ । पीभीइले प्रायोजक, कलाकार, इभेन्ट मेनेजमेन्ट कम्पनी, प्रोडक्सट टिम र मनोरञ्जनका अन्य क्षेत्रलाई नयाँ अनुभव दिन कार्यक्रम गर्न लागेको जनाएको छ ।

नेपालमै पहिलोपटक लाइट, साउण्ड, एलइडी, क्यामरादेखि कलाकारको कोरियोग्राफीमा सम्बन्धित क्षेत्रका विज्ञको डिजाइनमा सेट तयार पारिनेछ । कार्यक्रमको प्री-सेल्स टिकट सबै सोल्ड आउट भएको छ र कार्यक्रमका लागि १ हजार र १५ सय टिकट मूल्य निर्धारण गरिएको छ ।

एक्सिसको स्थापना सन् २००३ मा भएको हो । विश्व अनलाइन स्ट्रिम प्लेटफमको रेङ्किङ अनुसार नेपालभरीको बेण्ड क्याटेगोरीमा नेपथ्य, १९७४ एडी, अल्बट्रस र द एज भन्दा पहिलो स्थानमा एक्सिस रहेको छ । बार, क्लब र रेष्टुरेन्टमा गीत नगाउने यो व्याण्डले पहिलोपटक क्लबफरेनहाइटमा क्लोज इभेन्टमा प्रस्तुती दिँदैछ ।

व्याण्डले हालसम्म 'ब्ल्याक एण्ड ह्वाइट(२००४)', 'माफ गरिदेउ(२००९)', र 'गाउँ घर (२०१७)' गरी तीन एलबम श्रोता तथा दर्शकमाझ ल्याइसकेको छ । यता सन् २०१९ मा स्थापना भएको इन्डी रक व्याण्ड झिल्के एण्ड द कम्पनीलाई दर्शकले निकै मनपराएका छन् । यो व्याण्ड पछिल्लो पटक युवा दर्शकको रोजाइमा परेको छ । यो व्याण्डका 'पंक्षीहरू', 'मलाई केही आउँदैन', 'निलो सुटकेस' र 'झिल्के फायर' गीत छन्। यो व्याण्डले गत जुनमा 'जवानीको जोश' नामको एलबम बजारमा ल्याएको थियो ।

## रंगशाला

# राष्ट्रिय च्याम्पियन प्रिन्स र रशिलालाई उपाधि

■ प्रभाव संवाददाता



**काठमाडौं–** राष्ट्रिय च्याम्पियन प्रिन्स दाहाल र रशिला महर्जन प्रथम ललितपुर मेयर कप राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता २०७९ को उपाधि जित्न सफल भएका छन् ।

नेपाल ब्याडमिन्टन संघले बरियताको मान्यता प्रदान गरिएको प्रतियोगितामा नेपाल पुलिस क्लबबाट खेलेका प्रिन्सले सेनाका प्रफुल महर्जनलाई २१-९, २१-१४ ले र सेनाकी रशिलाले सेनाकै अनुमाया राईलाई १९-२१, २१-१५, २१-१८ ले पराजित गर्दै उपाधि जितेका हुन् । विजयी भएबापत प्रिन्स र रशिला प्रत्येकले नगद ४० हजारका साथै मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे । उपबिजयी महर्जन र राई प्रत्येकले नगद २० हजार सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे । तेश्रो स्थानमा पुरुषतर्फ कास्कीका विधान अधिकारी र १६ फिदरका क्षितीज खनाल तथा महिला तर्फ सेनाकी प्राथना देउवा र शोभा गौचन संयुक्त तेश्रो भए । तेश्रो भएबापत उनीहरूले नगद १० हजारका साथै मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे ।

ललितपुर जिल्ला ब्याडमिन्टन संघको आयोजना तथा नेपाल ब्याडमिन्टन संघको प्राविधिक सहयोग र ललितपुर महानगरपालिकाको मुख्य प्रायोजनामा भएको प्रतियोगिताको पुरुष युगल उच्च २० बरियता बाहेकको भिडन्तमा कास्कीका विधान अधिकारी र सेनाका पविन लिनथेपको जोडीले ललितपुरका दिपेश शाक्य र सुमन शाक्यको जोडीलाई २१-१२, २१-१८ को सोझो सेटमा पराजित गर्दै उपाधि जितेका हुन् । तेश्रो स्थानमा १६ फिदरका क्षितिज खनाल र अमन महर्जनको जोडी तथा पाँचथरका एशिया जवेगु र दिवस शंकरको जोडी रहे ।

पुरुष युगल तर्फका शीर्ष तीन स्थान प्राप्त गर्ने जोडीहरूले क्रमश: प्रमाणपत्र, मेडल र ट्रफीका साथै नगद ४० हजार, २० हजार र १० हजार प्राप्त गर्ने छन् ।

ललितपुर बालकुमारीस्थित बालकुमारी रिमिक्स क्लबको कभर्डहलमा भएको प्रतियोगिताको यु १७ छात्र एकल तर्फ सेनाका कवीर के.सी. र छात्रा तर्फ सेनाकै रिहाना शेरचनले उपाधि जिते । कवीरले सेनाकै अनिल मल्ललाई २१-१०, २१-१३ ले तथा रिहानाले कैलालीका रञ्जु रानालाई २१-८, २१-१७ ले पराजित गर्दै उपाधि जितेका हुन् । तेश्रो स्थानमा छात्र तर्फ कैलालीका रोशन साउद र शुभकामना युवा क्लबका सनौला रैनी तथा छात्रा तर्फ सेनाकी सम्बृद्धि श्रेष्ठ र ललितपुरका श्रेया बज्राचार्य संयुक्त तेश्रो भए ।

शिर्ष तीन स्थानमा रहेका खेलाडीहरूले क्रमश २० हजार, १० हजार र ५ हजारका साथै मेडल, ट्रफी र प्रमाण पत्र प्राप्त गरे ।

भेट्रान्स ४५ बर्ष माथीको प्रतियोगितामा कास्कीका राजेश गुरुङ र शम्भु कुमार श्रेष्ठको जोडीले बाजी मारे । उक्त जोडीले किर्तिपुर ब्याडमिन्टन क्लबका काजी कार्की र राजु महर्जनको जोडीलाई २१-११, २१-१६ ले पराजित गर्दै भेट्रान्सको उपाधि आफ्नो नाममा लेखाए । तेश्रो स्थानमा कालिका ब्याडमिन्ट क्लबका राम के.सी. र हरि खत्रीको जोडी तथा गठ्ठाघर स्पोर्टस् हाउसका डेन लामा र राकेश थापाको जोडी रहे ।

शिर्ष तीन स्थानमा रहेका जोडीहरूले क्रमश २० हजार, १० हजार र ५ हजारका साथै मेडल, ट्रफी र प्रमाण पत्र प्राप्त गरे ।

बिजयी खेलाडीहरूलाई ललितपुर क्षेत्र नं. २ (ख) बाट निर्वाचित बागमती प्रदेश साँसद रामकृष्ण चित्रकार, नेपाल ब्याडमिन्टन संघका अध्यक्ष रामजी बहादुर श्रेष्ठ लगायतले पुरस्कार वितरण गरेका थिए ।

# पोल्याण्ड र अस्ट्रेलिया विजयी

■ प्रभाव संवाददाता


**काठमाडौं–** विश्वकप फुटबलमा आज चार खेलहरू हुँदै छन् । दोस्रोचरणको खेल चलिरहेको अवस्थामा जर्मनीविरुद्ध शानदार जित हात पारेको जापान कोस्टारिकासँग भिड्दै छ । यी दुईबीच दिउँसो पौने ४ बजे खेल हुँदै छ ।

त्यस्तै दोस्रो खेलमा बेल्जियमले मोरक्कोको सामना गर्दै छ । यी दुईबीचको खेल पौने ७ बजे हुनेछ । त्यस्तै पौने १० बजे क्रोएसियाले क्यानडाको सामना गर्दा अन्तिम खेलमा राती पौने १ बजे बलिया टिम स्पेन र जर्मनीबीच खेल हुनेछ ।

**कतार विश्वकप-२०२२**

**आजका खेल**

जापान-कोस्टारिका (दिउँसो ३ :४५ बजे)
बेल्जियम-मोरक्को (साँझ ६ :४५ बजे)
क्रोएसिया-क्यानडा (राति ९ :४५ बजे)
स्पेन-जर्मनी (राति १२ :४५ बजे)



### पोल्याण्डसँग साउदी पराजित

पोल्याण्डले कतारमा जारी फिफा विश्वकपमा पहिलो जित हात पारेको छ । पोल्याण्डले पहिलो जित हात पार्ने क्रममा साउदी अरबलाई २-० गोल अन्तरले पराजित गरेको छ ।

एजुकेशन सिटी स्टेडियममा भएको खेलमा पोल्याण्डको जितमा ३९ औं मिनेटमा प्रिटो जिलेन्स्कीले गोल गरेकामा ८२ औ मिनेटमा कप्तान रोर्बट लेभान्डोस्किले दोस्रो गोल गरेका थिए ।

पहिलो खेलमा मेक्सिकोसँग गोलरहित बराबरीमा रोकिएको पोल्याण्डले दोस्रो खेलमा जित हात पारेको हो । बलियो मानिएको अर्जेन्टिनालाई पहिलो खेलमा पराजित गरेको साउदीको भने यो पहिलो हार हो ।

### अस्ट्रेलिया विजयी

कतारमा जारी विश्वकप फुटबल अन्तर्गत समूह 'डी' मा रहेको अस्ट्रेलियाले ट्युनिसिया पराजित गरेको छ । शनिबार कतारको अल जानौब रंगशालामा ट्युनिसियाविरुद्ध गोल गर्दै अस्ट्रेलियाले १-० गोलको कठिन जित निकालेको हो ।

खेलको २३औं मिनेटमा मिचेल डुकले गोल गर्दै अस्ट्रेलियालाई १-० गोलको अग्रता दिलाए । उक्त गोल नै अस्ट्रेलियाका लागि जितमा पर्याप्त बन्यो ।

तुलनात्मक रूपमा बल पोजिसनमा पकड जमाएको ट्युनिसियाले गोलको लागि निकै प्रयास गरे पनि गोल भने गर्न भने सकेन ।

उक्त जितसँगै अस्ट्रेलियाले पहिलो जित निकालेको छ । पहिलो खेलमा फ्रान्ससँग पराजित भएको अस्ट्रेलियाले ३ अंक जोडेको छ । यता पराजित ट्युनिसिया पहिलो खेलमा डेनर्माकसँग बराबरी खेल्दै एक अंक जोडेको थियो ।

शनिबार तेस्रो खेल फ्रान्स र डेनमार्क बीच भएको थियो भने अन्तिम खेल अर्जेन्टिना र मेक्सिकोबीच भएको थियो ।

# अभ्यास खेलमा नेपालको सहज जित

**काठमाडौं (प्रस)–** नेपाली राष्ट्रिय क्रिकेट टिमले अभ्यास खेलमा भारतको दिल्ली जिल्ला क्रिकेट एसोसियसन (डिडिसिए) लाई हराएको छ । दिल्लीमा रहेको अरुन जेट्ली क्रिकेट मैदानमा शनिबार भएको खेलमा नेपाल ६ विकेटले विजयी भएको हो ।

डिडिआसीले दिएको १ सय ५९ रनको लक्ष्य नेपालले २८.२ ओभरमा ४ विकेट गुमाएर पूरा गर्‍यो । नेपालको जितमा ज्ञानेन्द्र मल्लले अविजित ४८ रन बनाउँदा आसिफ शेखले ३० रन बनाए । अर्जुन साउदले २८ तथा कप्तान रोहित कुमार पौडेलले २४ रन बनाए ।

डिडिसिएका लागि सिद्धान्त शर्मा,रवि रोशन,पर्थ वाडर र ध्रुव चौहानले समान १/१ विकेट लिए । त्यसअघि पहिले ब्याटिङ गरेको डिडिसिएको टोलीले ४०.५ ओभरमा



अलआउट हुदै १ सय ५८ रन बनाएको थियो । डिडिसिएका लागि काव्य गुप्ताले अविजित ३४ तथा सलिल मल्होत्राले ३१ रनको योगदान गरे ।

कप्तान बैभव शर्माले २६ तथा कनभ गम्भिरले २१ रन बनाएका थिए । पर्थ वाडहाराले १३ रन बनाउँदा उसका अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउँन सकेनन् ।

नेपालका लागि सागर ढकालले ५ ओभरमा १२ रन दिएर ५ विकेट लिएका थिए । कुशल भुर्तेलले २ तथा हरिशंकर शाह,ललित नारायन राजवंशी र सोमपाल कामीले समान १/१ विकेट लिएका थिए । आईसीसी एकदिवसीय विश्वकपको छनोटको रूपमा रहेको विश्वकप लिग टूको नामिबियामा हुने त्रिदेशीय सिरिजको तयारीको लागि नेपाली टोली भारतको दिल्लीमा रहेको छ ।




**महिलाविरुद्धको हिंसा उन्मूलनका लागि अन्तर्राष्ट्रिय दिवसको अवसरमा शुक्रबार पानामा सहरमा महिला हत्याका पीडितहरूका लागि गरिएको प्रदर्शनमा सहभागी महिला ।** *तस्बिरः एएफपी*

# चीनबाट करिब १३ हजार टेस्लाको गाडी फिर्ता



**बेइजिङ-** विद्युतीय कार निर्माता कम्पनी टेस्लाले सिट बेल्टको सम्भावित सुरक्षा जोखिमका कारण चीनबाट १२ हजार ८६३ मोडल-३ का गाडी फिर्ता गर्न थालेको छ ।

फिर्ता गरिने सवारीसाधनमा गत १२ जनवरी २०१९ र २२ नोभेम्बर २०१९ बीच उत्पादन भएका दुई हजार ७३६ आयातित सवारीसाधन र अक्टोबरको बीचमा चीनमा उत्पादन भएका १० हजार १२७ समावेश छन् । फिर्ता लिइएका सवारीसाधनमा बिक्रीपछि मर्मत वा मर्मतसम्भार गर्दा दोस्रो पंक्तिको सिटको बीचको सुरक्षा बेल्ट अनुपयुक्तरूपमा पुनःस्थापना गरिएको बताइएको छ ।

सेवा केन्द्रले सेफ्टी बेल्ट पुनःस्थापना गर्दा, बेल्ट बकलका केही निश्चित भाग जडान बोल्टसँग फिक्स नगरिएको र सुरक्षा बेल्टले दुर्घटना नियन्त्रणमा निरोधक भूमिका खेल्न नसक्ने दाबी गरिएको छ । *रासस/सिन्ह्वा*

# अर्को वर्ष विद्युत् कटौती अन्त्य गर्ने श्रीलंकाको योजना

**कोलम्बो-** श्रीलंकाका ऊर्जामन्त्री कञ्चना विजेसेकेराले शनिबार पत्रकारलाई आगामी जनवरीसम्ममा निर्वाध विद्युत् आपूर्ति सुनिश्चित गर्न सबै सम्भावित उपाय अपनाउने बताएका छन् । श्रीलंकाले फेब्रुअरी २०२२ देखि दैनिक बिजुली कटौतीको सामना गरिरहेको छ ।

कुनै बेला दैनिक १३ घण्टासम्मको बिजुली कटौती भएको थियो । जुन अहिले दिनको लगभग दुई घण्टामा घटेको छ । मन्त्रीका अनुसार सरकारले पछिल्ला केही महिनामा विद्युत् कटौतीलाई ठूलो मात्रामा कम गर्न कदम चालेका छन् ।

हरेक वर्ष माघ र असार महिनामा विद्युत् महसुल परिमार्जन गर्नु उपयुक्त हुने भन्दै उनले विद्युत् महसुल परिमार्जन नगरी त्यसो गर्न नसकिने बताएका छन् । मन्त्रीका अनुसार उनीहरूले सन् २०२३ मा नवीकरणीय ऊर्जालाई बढावा दिने योजना पनि बनाएका छन् र यो श्रीलंकाका लागि ऊर्जाको उत्तम स्रोत पनि हो । *रासस/सिन्ह्वा*

# बन्दुक आक्रमणमा नाइजेरियामा १५ जनाको मृत्यु

**लागोस-** उत्तरी नाइजेरियामा भएको बन्दुक आक्रमणमा १५ को मृत्यु हुनाका साथै अन्य ११ जना घाइते भएको स्थानीय अधिकारीले शुक्रबार जानकारी दिएका छन् ।

कादुना राज्यका चारवटा गाउँमा अज्ञात बन्दुकधारीले घातक हमला गरी सो आक्रमण गरेको राज्यका आन्तरिक सुरक्षा र गृह मामिलाका आयुक्त शमूएल अरुवानले बताएका छन् ।

बन्दुकधारीले पैसा संकलन गर्नका लागि गाउँमा आक्रमण गरेको तर गाउँलेको प्रतिरोधको गरेका थिए । *रासस/सिन्ह्वा*

# विद्यालयमा गोली चल्दा ३ जनाको मृत्यु

**ब्राजिलिया-** ब्राजिलको एस्पिरिटो सान्तो राज्यको दुईवटा विद्यालयमा शुक्रबार एक बन्दुकधारीले गोली चलाउँदा तीन जनाको मृत्यु भएको छ भने ११ जना गम्भीर घाइते भएको सिएनएनले ब्राजिलका अधिकारीलाई उद्धृत गर्दै उल्लेख गरेको छ ।

ब्राजिलमा विद्यालयमा गोली चलाउने बन्दुकधारीले सेमी अटोमेटिक हतियार बोकेको क्यामेरा फुटेजमा देखिएको छ । अनुहार छोपेको सो व्यक्तिले सेनाको पोसाक लगाएको देखिएको छ ।

यद्यपि, गोली प्रहार गर्ने व्यक्ति १६ वर्षीय भएको आशंका गरिएको छ । सिएनका अनुसार उक्त राज्यको राजधानी भिटोरियाबाट ५० माइल उत्तरमा रहेको सानो सहर अराक्रुजमा सो आक्रमण भएको थियो ।

एस्पिरिटो सान्तोका गभर्नर रेनाटो कासाग्रान्डेले शुक्रबार ट्वीट गर्दै भनेका छन्, 'सुरक्षा टोलीले आक्रमणकारीलाई पक्राउ गरेको छ, जसले कायरतापूर्वक अराक्रुजका दुई विद्यालयमा आक्रमण गरेको थियो । मैले अपूरणीय क्षतिका लागि शोकको रूपमा तीन दिनको आधिकारिक शोक घोषणा गरेको छु । हामी घटनाको कारणबारे अनुसन्धान जारी राख्नेछौं र चाँडै नै निष्कर्षमा पुग्नेछौं ।'

गभर्नरका अनुसार, 'प्रिमो बिट्टी स्कूल र प्रिया डे कोक्वेरल शैक्षिक केन्द्रमा आक्रमण भएका थिए ।' ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले सो घटनाबारे ट्वीट गर्दै अराक्रुज विद्यालयमा भएको आक्रमणले आफू दुःखी भएको र पीडितलाई क्षतिपूर्ति दिलाउन आग्रह गरेका छन् । *रासस/एएनआई*


सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,दिपायल, डोटी**

**विषयः पशुपन्छी तथा मत्स्य सम्बन्धी यान्त्रीकरण अनुदानका लागि आपूर्तिकर्ताबाट सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०८/११**

यस निर्देशनालयको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत वार्षिक कार्यक्रम र कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि २०७६ अनुसार ५० प्रतिशत अनुदानमा पशुपन्छी तथा मत्स्य सम्बन्धी यान्त्रीकरण सहयोग कार्यक्रम अन्तर्गत स्विकृत कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७६ को दफा ३ (२) अनुसार गठित कार्यक्रम कार्यान्वयन तथा मूल्याङ्कन समितिको निर्णय अनुसार तपसिल अनुसारका पशुपन्छी तथा मत्स्य सम्बन्धी औजार उपकरणहरु के कति दरभाउमा आपूर्ति गराउन सक्ने हो ? सो सम्बन्धी बोलपत्र प्रस्ताव पेश गर्न इजाजत प्राप्त पशुपन्छी तथा मत्स्य सम्बन्धी औजार उपकरण उत्पादक/आपूर्तिकर्ता/फार्महरुले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र अन्य सम्बन्धित कानूनको परिधिभित्र रही समितिले निर्धारण गरेका तपसिल अनुसारका उपकरणहरु आपूर्ति गर्न इच्छुक आपूर्तिकर्ताहरुले अनुसुचि ३ अनुसारको फारम भरी यो सूचनामा उल्लेखित सर्तहरुको अधिनमा रही यो सूचना प्रथम पटक प्रकासित भएको मितिले ३० औं दिनको १२:०० वजेभित्र र उक्त दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिन यस निर्देशनालयमा सिलवन्दी बोलपत्र प्रस्ताव दर्ता गर्न हुन यो सूचना प्रकासित गरिएको छ । सूचनामा प्रकासित भएको मितिले चौविसौं दिन (मिति २०७९/०९/०५) मा Pre–proposal clarification Meeting हुनेछ । साथै उक्त बैठक सञ्चालन नभएमा पनि यस सूचनालाई कुनै बाधा हुने छैन ।

**समाग्रीको विवरण**:

१ . Grinder 2 H.P.Moter 1phase,3HP Moter 2 phase. २. Grain Grinder 5HP,10 HP,15 HP,20 Hp,30 HP,40 HP Moter 3Phase. ३. Pulverser 10HP 3 phase. ४. Grinder for Biomass/Shredder 10HP 3 phase. ५. Pellet feed Machine 3HP 1 phase, 5.5 HP,10 HP,20Hp,40 HP motor 3phase.६.Biomass pellet Machine 25 HP, 30 HP,40 HP3 phase. ६. Steamer Unit For pellet Mil ७. Conditioner for peiiet Mil 2HP 3 Phase. ८. Mixture Machine 3HP,3HP Gear Motor, 5HPGear Motor,3 phase, 3 HP single Phase.८.Floating fish feed Machine Total 8.5HP, 18 HP, 28 HP, 3 phase. ९. Mash feed Auto plant 500kg,1000kg/per hour. १०. Mahajal Made of Nylon and Mashino. ११. Suction Pipe, PVC Pipe,Green 3 Inch,4inch. १२. Delivery Pipe, LLDPE Granule Virgin Grade. १३. Deep Frezer 260 LTR, 390LTR, १४. Multifunctional Chaff cutter with 3HP,Electric Motor. १५. Normal Chaff Cutter Fully covered with 3HP Moter. १६. Diesel Pumping Set.१८. Areator 2 paddle, 4 paddle. १९. Water pump Low voltage Model. २०. Milk Chilling Vats 300LTR, 500LTR, 1000LTR, 2000LTR, 2000LTR,3000LTR, १९. Cream Separators 80LPH,165LPH,325LPH,550LPH. २०. Batch Pasteurizer 3ooLTR,500LTR,750LTR,1000LTR. २१. Homogeniger100LPH,200LPH,300LPH,500LPH. २२. Candy Machine 4,8,12 Farma Capacity. २३. Milk Pouch Packing Machine 1000LPH,2000LPH. २४. Khuwa Machine 60LTR,120LTR,180 LTR Barrel Capicity. २४. Panner Moulds up to 10kg, 20kg. Cold Showcase 5ft Curved Model. २५. S.S.304 Milk Cans10lTR,20LTR,40LTR. २६. Milk Analayzer. २७. Butter churner 65LTR,120LTR Capacity. २८. Continos type ice cream frezer Machine with Suitable cooling tower 100LPH,200LPH. २९. Batch type ice cream freezer Machine.2.5Gallon. ३०. Milk Pumps centrifugal Milk Pump 1HP,2HP. ३१. Sillage packing Machine Tube type Silopack 4D Hydropack System, Sillopack 1D Machine Double srew silo press System with Multifunction Chaff cutter.

**आवश्यक सर्तहरू**:

१. दरभाउ पेश गर्दा रु.१० को टिकट टाँस गरि निवेदन साथ फर्म दर्ता प्रमाण पत्र संस्था नविकरण प्रमाण-पत्र वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयवाट गरिने कम्पनी अद्यावधिक भएको पत्र, पछिल्लो ३ आ.व.को लेखा परिक्षरण प्रतिवेदन, आ.व.२०७८/०७९ को करचुक्ता प्रमाण-पत्र वा आन्तरिक राजश्व कार्यालयबाट म्याद थप भएको पत्र, फर्मको व्यावसाय इजाजत पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र आधिकारीक डिलर वा सर्भिस सेन्टर को संस्था दर्ता, PAN वा VET प्रमाण पत्र र सम्झौता पत्रको प्रमाणित (नोटरी पव्लिकवाट) प्रतिलिपिहरु संलग्न राखी पेश गर्नु पर्ने छ ।
२. प्रस्ताव फारममा यन्त्र उपकरणको स्पेशिफिकेसन समेत खुलाई नेपाली रुपैयाँ प्रति इकाई मुल्य दर अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ, अंक र अक्षर मा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
३. प्रस्ताव साथ औजार उपकरण उत्पादक कम्पनीको आधिकारिक विक्रेता तथा एजेन्ट (Authorized Agent) डिलरसिप रहेको प्रमाण-पत्र पेश गर्नुपर्नेछ ।
४. पशुपन्छी तथा मत्स्यजन्य औजार उपकरणहरुको Specification ब्रान्ड, मोडल, उत्पादक कम्पनी र देश खुल्ने Catalogue, Leaflet वा Brochure अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
५.यस निर्देशनालयको कार्यक्षेत्रका जिल्लाहरुको जिल्ला सदरमुकाम स्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्म स्विकृत पशुपन्छी तथा मत्स्य सम्बन्धी औजार उपकरणको परिमाण पुऱ्याउने जिम्मेवारी आपूर्तिकर्ताको हुनेछ ।
६. पेश भएका प्रस्तावहरु यो सुचना प्रथम पटक प्रकासित भएको मितिले ३०औ दिनको दिउँसो २.०० बजेभित्र यस कार्यालयमा प्रस्तावदाता प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर प्रस्तावदाता प्रतिनिधिहरु उपस्थित नभए पनि प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन ।
७. यो सूचना वमोजिम उपलव्ध गराउने उपकरणहरुको कूल मूल्यको २.५% हुन आउने रकमको 'क' वर्गका वाणिज्य बैंकबाट जारी भई २०८० भाद्र मसान्तसम्म म्याद भएको बैंक ग्यारेन्टी वा सो बराबरको रकम नगद प्रदेश लेखा इकाई कार्यालय डोटीको एकल धरौटी खाता नं. ४१००१००२०२०३०००० मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ ।
८. कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७६ प्रथम संशोधन २०७७ वमोजिम कार्यक्रम संचालन गरिनेछ ।
९. प्रचलित कानून र सर्त अनुसार प्रस्ताव आंशिक वा पूर्ण रुपमा स्विकृत वा अस्विकृत गर्ने अधिकार यस निर्देशनालयमा रहनेछ ।
१०. अन्य कुरा प्रचलित कानून वमोजिम हुनेछ ।

*नोटः आवश्यक अनुसूची, Specification यस निर्देशनालयको वेवसाइट www.dolfddipayal.gov.np बाट डाउनलोड गर्न सकिनेछ । साथै थप जानकारीका लागि यस निर्देशनालयको फोन नं.०९४ ४४०१४६ मा सम्पर्क राख्नु हुन र सुचना अधिकारी श्री पुष्करराज नाथ मोवाइल नं.९८५८४४०२२६ मा सम्पर्क गर्न सकिने छ ।*



**नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान तथा अन्तर्गत महाविद्यालयका लागि आवश्यक Evidence Based Clinical Decision Support System र कार्यालय उपकरणहरूको खरिद सम्बन्धी**

**सिलबन्दी दरभाउपत्र/बोलपत्र आव्हानको सूचना !**

**सूचना नं.NAWF/NAIHS/BKHL/079/080/4 (Uptodate:Evidence Based Clinical Decision Support (सिलबन्दी दरभाउपत्र)**
**सूचना नं. NAWF/NAIHS/BKHL/079/080/5Rebid (बोलपत्र)**

**प्रकाशित मिति २०७९/०८/११ गते**

१. नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान तथा अन्तर्गतका महाविद्यालयहरूमा आ.व.०७९/८० का लागि आवश्यक पर्ने Evidence Based Clinical Decision Support System र कार्यालय उपकरणहरूको e-GP System को माध्यमबाट ठेक्का लिई आपूर्ति गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूबाट यो बोलपत्र/**दरभाउपत्र** आव्हान गरिएको छ ।

**बोलपत्रको विवरण**

| ठेक्का नं. | पेश गर्नुपर्ने जमानत अंक ने.रु. | बोलपत्र/ दरभाउपत्र दस्तूर रु. | बिड गर्ने अन्तिम मिति र समय | बोलपत्र/दरभाउपत्र खोल्ने मिति र समय | कै. |
|---|---|---|---|---|---|
| NAWF/ NAIHS/BKHL/ 079/080/4 | ५५,०००।०० | १,०००।०० | २०७९/०८/२६ १२:०० बजे | २०७९/०८/२६ १:०० बजे | प्रथम पटक प्रकाशित |
| NAWF/NAIHS/ BKHL/079/ 080/5 Rebid | १,१०,०००।०० | ३,०००।०० | २०७९/०८/२६ १२:०० बजे | २०७९/०८/२६ १:०० बजे | दोस्रो पटक प्रकाशित |

२. माथि उल्लेखित ठेक्का "विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका २०७४ अनुसार www.bolpatra.gov.np/egp सिष्टमबाट बिड गर्नु पर्नेछ ।
३. e-GP Bidder हरूले e-GP प्रणालीमा व्यवस्था भए बमोजिम अन्य विवरण समेत भर्नु पर्नेछ ।



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : EXPERT SECURITY SERVICES SDN BHD
पूर्व स्वीकृति मिति : २०७९/०५/३० | पुन विज्ञापन स्वीकृति मिति :२०७९/०८/०९ | LT. No.272021 | चलानी नं.६०१८७७७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 48 | 0 | 1500 | ४३,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर २५ गते (11th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Rasuwa Overseas Pvt. Ltd.**
श्रम इंजाजत नं. ११३०/०७३/०७४
Airport, Kathmandu, Nepal, Phone No. +977-5906439
E-Mail : rasuwaoversease@gmail.com, Website : www.rasuwaoverseas.com



**साउदी अरबमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : FUTURE ARCHITECTS FOUNDATION FOR PROJECTS
पूर्व स्वीकृति मिति २०७९/०७/०५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/११ | LT. No. 274024 | चलानी नं. ६०१८८४८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 10 | 0 | 1000 | ३४,७४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर १८ गते (4nd Nov. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Rising Recruitment Pvt.Ltd.**
श्रम ईजाजत नं. ८७८/०६७/०६८
Baluwatar, Kathmandu, Nepal. Tel: 977-1-4436597 / 4420587



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/०८/११

यस कम्पनीको मिति २०७९/०७/११ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **कनेक्ट एजुकेशन कन्सलटेन्सी प्रा.लि. (प्रा.लि. नं. १६४११४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०७/२१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **भ्याली एजुकेशन हब प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



**माईग्रेसन हराएको सूचना**

मिति २०७९/०८/०६ गते माछापोखरीदेखि चाबहिलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : निल सुनार**
**ठेगानाः देवीनगर ११, बुटवल**
**रजिस्ट्रेसन.नं.:** DCOM-००२३३-०१७
**सिम्बोल.नं.:** ०९१०१२०४
**सम्पर्कः** ९८२१९६८९२२



**सर्टिफिकेट हराएको सूचना**

मिति २०७९/०८/०६ गते माछापोखरी( देखि चाबहिलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : निल सुनार**
**ठेगानाः देवीनगर ११, बुटवल**
**रजिस्ट्रेसन.नं.:** DCOM-००२३३-०१७
**सिम्बोल.नं.:** ०९१०१२०४
**सम्पर्कः** ९८२१९६८९२२



**फ्रि भिसा, फ्रि टिकट मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : PELABUHAN TANJUNG PELEPAS SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०६/२० | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०८/०९ | LT. No. 272628 | चलानी नं. ६०१८८६६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cargo Worker Driver | 250 | 0 | 1500 | ४३,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर १८ गते (4th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**TRUST INTERNATIONAL OVERSEAS PVT. LTD.** Govt. License 1521/074/075
Sanepa-2, Lalitpur, Nepal. Tel :+977-1-5915798, 5915799
E-mail : trustinternational4415@gmail.com, website:www.trustintloverseas.com



**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : Al Shalhoub Transportation Co.
पूर्व स्वीकृति मिति २०७८/०८/०९ | LT. No. 276583 | चलानी नं. ६०१९२१२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1500 | ५३३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |
| 2 | ELECTRICIAN TECH | 1 | 0 | 1500 | ५३३५५ | | | | | | | |
| 3 | HEAVY VEHICLE DRIVER | 1 | 0 | 2200 | ७८,९७४ | | | | | | | |
| 4 | PAINTER | 2 | 0 | 1500 | ५३३५५ | | | | | | | |
| 5 | WELDER | 1 | 0 | 1500 | ५३३५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर १८ गते (4th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।**

**त्रिकोण ईन्टरनेशनल ओभरसिज प्रा.लि.**
श्रम ईजाजत नं. ५५०/०६२/०६३
रानीवारी, सामखुसी, काठमाडौं, नेपाल, फोन नं. ४३८१८३८, ४३५५६०२, ९८०१००४३८४, ९८२६२७५७७०

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ९७८०० | प्रति तोला – ९७३०० | प्रति तोला – १२९५ |



विमानको पर्खाइमा विमानस्थल | ताप्लेजुङको फुङ्लिङ–१ मा अवस्थित सुकेटार विमानस्थल ।

*तस्बिर: दिलकुमार लिम्बू/रासस*

# ओरेण्टलका बचतकर्ताको १० अर्ब ८३ करोड फिर्ता गराइँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले दोस्रोपटक समस्याग्रस्त घोषित गरेको ओरेण्टल सहकारीमा फसेको पैसा मागदाबी गर्न बचतकर्तालाई आह्वान गरेको छ । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले शुक्रबार सार्वजनिक सूचनामार्फत १५ दिनभित्र मागदाबी गर्न आह्वान गरेको हो ।

गत असोज ६ गते समितिले यो सहकारीलाई बचतकर्ताको १० अर्ब ८३ करोड ८२ लाख ५६ हजार १७४ हिनामिना गरेको तथ्य सार्वजनिक गर्दै दोस्रोपटक समस्याग्रस्त घोषणा गरेको थियो । सरकारले ०७४ साल कात्तिक २० गते समस्याग्रस्त घोषणा गरेको ओरेण्टल को-अपरेटिभ लिमिटेडले देशभर नौ वटा शाखा खोली १० अर्ब भन्दामाथि बचत संकलन गरेर भागेको थियो ।

समितिले सहकारीका बचतकर्ताको साँवा, ब्याज, सेयर र अपार्टमेन्टको समेत गरी १० अर्बभन्दा माथि पैसा फिर्ता गर्नुपर्ने अभिलेख रहेको दाबी समितिको छ । २०७४ सालमा सहकारी मन्त्रिस्तरीय निर्णय गरी ओरेण्टललाई समस्याग्रस्त घोषणा गरिएको थियो ।

ओरेण्टललाई समस्याग्रस्त घोषणा गरेपछि सात हजार ६ सय ४६ जनाले पैसा डुबेको भन्दै माग दाबी गरेका थिए । २०७४ चैत्र मसान्तसम्म ओरेण्टलले साँवाब्याजसहित निक्षेपकर्तालाई करीब १६ अर्ब १ करोड दायित्व भुक्तानी गर्नुपर्ने देखिन्छ । तर, संस्थाले भने ४ हजार ६९७ जनाको करीब २ अर्ब २ करोड निक्षेपमात्र फिर्ता गर्न स्वीकार गरेको छ । अध्यक्ष सुधीर बस्नेतले निक्षेपको सट्टा भक्तपुरको गुण्डुमा रहेको जग्गा दिने भन्दै दाबी गर्न सार्वजनिक सूचना नै जारी गरेका थिए ।



ओरेण्टललाई समस्याग्रस्त घोषणा गरेको केही समयमै सर्वोच्च अदालतमा मुद्दा परेको थियो । सर्वोच्चले २०७६ फागुन ११ गते सहकारीलाई नै बचत फिर्ताको समस्या समाधान गर्न आदेश दिएको थियो ।

सर्वोच्चको आदेशबमोजिम सहकारीका सञ्चालकले समस्या समाधान गर्नेतर्फ ध्यान नदिएपछि सहकारी मन्त्री शशी श्रेष्ठले २०७९ साल असोज ७ गते मन्त्रिस्तरीय निर्णय गरी ओरेन्टललाई दोस्रोपटक समस्याग्रस्त घोषणा गरेकी हुन् ।

सरकारले दोस्रोपटक समस्याग्रस्त घोषणा गरेपछि ओरेण्टलका पूर्व अध्यक्ष सुधीर बस्नेतलाई बोलाएर समितिले छलफल गरेको थियो । ओरेण्टलका नेपालगञ्ज, पोखरा, दाङ, सुर्खेत, काठमाडौं, विराटनगर, इटहरी, भक्तपुर र ललितपुरमा गरी नौवटा शाखा कार्यालय स्थापना गरी बचत सङ्कलन गरेको भेटिएको समितिको कार्यालयले जनाएको छ । सरकारले हालसम्म १२ वटा सहकारीलाई समस्याग्रस्त घोषणा गरेको छ ।

# चार महिनामा १० अर्बभन्दा बढीको मोबाइल आयात

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको पहिलो चार महिना (साउन-कात्तिक) मा १० अर्ब १० करोड रूपैयाँ बराबरका स्मार्टफोन आयात भएको छ । ७ लाख २९ हजार ३ सय ९५ सेट स्मार्टफोन आयात भएको भन्सार विभागको तथ्यांकले देखाएको छ ।

सरकारले ३ सय अमेरिकी डलरभन्दा बढी मूल्यका स्मार्ट फोनलाई प्रतिबन्ध लगाएको छ । त्यसैले महँगोभन्दा पनि कम मूल्यमा स्मार्टफोनहरू आयात भइरहेका छन् । जसको कारण मोबाइलको आयातमा समेत घट्दै गइरहेको तथ्यांकले देखाएको छ ।

दसैंलाई लक्षित गर्दै ३ अर्ब ६० करोड रूपैयाँभन्दा बढी मूल्यमा स्मार्टफोन भित्रिएको थियो । तर त्यसपछिका महिनाहरूमा स्मार्टफोन आयात घट्दै गइरहेको छ । असोजमा २ अर्ब ३५ करोड रूपैयाँको स्मार्टफोन आयात भएको थियो । कात्तिकमा भने १ अर्ब ५७ करोड रूपैयाँ मात्रै स्मार्टफोन आयात भएको छ ।

महँगा स्मार्टफोनमा सरकारले कडाइ गर्दा वैधरूपमा यसको कटौती भए पनि नयाँ ब्राण्डका महँगम स्मार्टफोनहरू बजारमा पाइरहेका छन् । यसबाट अवैध रूपमा स्मार्टफोन भित्रिरहेको आशंका बढाएको छ । अवैध कारोबारलाई रोक्न नसक्ने तर वैध माध्यमबाट भित्रिन नदिँदा यसले सरकारको राजस्वमा मात्रै अस परिरहेको छ । हालसम्म स्मार्टफोन आयातमार्फत सरकारले १ अर्ब ८८ करोड रूपैयाँ भन्सार संकलन गरेको छ ।

सरकारले गत भदौ मसान्तबाट मोबाइल सेटहरूमा नियमन प्रणाली मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडीएमएस) सञ्चालनमा ल्याएको थियो। नेपाल दूरसञ्चार प्राधिकरणले नेपालमा चोरी पैठारी तथा अवैधरूपमा भित्रिने मोबाइल सेटहरूको आयात रोक्ने उद्देश्यका साथ प्रणाली कार्यान्वयनमा ल्याएको दाबी गर्दै आएको छ । तर, यसको तुलनात्मक फाइदा भने देखिएको छैन ।

**१११६ किलो सुन आयात**

चालु आर्थिक वर्ष २०७८/७९ को पहिलो चार महिनामा एक हजार १ सय १६ किलो सुन आयात भएको छ । सुन आयातबापत यस अवधिमा ७ अर्ब ९५ करोड रूपैयाँ बराबरको रकम बाहिरिएको छ । यो गत आर्थिक वर्षको भन्दा आधाले कम हो ।

गत आर्थिक वर्षको पहिलो चार महिनामा २१७७ किलो सुन आयात भएको थियो । यसका लागि १४ अर्ब ९५ करोड रूपैयाँ बाहिरिएको थियो ।

# पाँच जलविद्युत् कम्पनीले पाए आइपिओको अनुमति

**काठमाडौं (प्रस)–** नेपाल धितोपत्र बोर्डले पाँच जलविद्युत् कम्पनीलाई प्राथमिक सेयर (आइपिओ) जारी गर्ने अनुमति दिएको छ । बोर्डले बिहीबार नै ती कम्पनीहरूलाई सेयर निष्काशनका लागि स्वीकृति दिएको हो ।

ती कम्पनीहरूले ३ अर्ब ९८ करोड रूपैयाँ मूल्य बराबरका ३ करोड ९८ लाख कित्ता सेयर निष्काशन गर्न पाउने छन् । बोर्डले एसिएन हाइड्रोपावर लिमिटेडले ३४.७१ प्रतिशत आइपीओ जारीको स्वीकृति पाएको छ। कम्पनीले ३४ करोड बराबरको ३४ लाख कित्ता आइपीओ जारी गर्ने भएको हो।

यस्तै बोर्डबाट सुपरमाई हाइड्रोपावरले ५० करोड बराबरको ५० लाख कित्ता, सुपर मादी हाइड्रोपावरले २ अर्ब १० करोड बराबरको २ करोड १० लाख कित्ता आइपीओ जारी गर्न स्वीकृति पाएका छन् ।

यस्तै माया खोला हाइड्रोपावर कम्पनीले १ अर्ब बराबरको १ करोड कित्ता प्राथमिक सेयर निष्कासनको अनुमति पाएका छन् । शुभम पावर लिमिटेडले पनि ४ करोड बराबरको ४ लाख कित्ता आइपीओ जारी गर्न बोर्डले अनुमति दिएको छ ।

# हस्तकला व्यापार मेला मंसिर २३ देखि

**काठमाडौं (प्रस)–** नेपाल हस्तकला महासङ्घको आयोजनामा १९ औं हस्तकला व्यापार मेला हुने भएको छ । महासङ्घले पत्रकार सम्मेलन गरी महासङ्घको आयोजना तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र र उद्योग वाणिज्य क्षेत्रका विभिन्न सङ्घ, संस्थाको सहयोगमा आगामी यही मंसिर २३ देखि २७ गतेसम्म मेला आयोजना हुन लागेको जानकारी दिएको हो ।

अध्यक्ष प्रचण्ड शाक्यले ह्यात होटलमा पाँच दिनसम्म हुने मेलामा हस्तकलाका एक सय ५० कक्ष रहने जानकारी दिए । मेलामा फिलगिरी, थोज्यामाज्या (धातु पत्रकला) र पौभा थाङ्का गरी तीनवटा विधाका कला प्रदर्शनी हुनेछ । नेपाली हस्तकलाको प्रवर्द्धन गर्दै विदेशसम्म पहिचान गराउन मेलाको आयोजना गरिएको हो ।

उक्त मेलासँगै १७ औं हस्तकला प्रतियोगितासमेत हुने भएको छ । काष्ठकला, प्रस्तरकला, मैनकला, मुर्तिकलामा मुखाकृति भएको गरुड अर्थात् बण्टेजको मूर्ति बनाउने र ऊनी, ढाका, कपडा, प्राकृतिक रेशाजन्य वस्तुसम्बन्धी प्रतियोगितासमेत गरिने जनाइएको छ ।

# नेसनल लाइफको अभिकर्ता सम्मान तथा प्रशिक्षण कार्यक्रम



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेसनल लाइफ इन्स्योरेन्स कम्पनीले सुदूरपश्चिम प्रदेशको धनगढी मा अभिकर्ता सम्मान तथा प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीको प्रमुख आथित्यतामा सम्पन्न भएको उक्त कार्यक्रममा कम्पनीको धनगढी, टिकापुर र अत्तरिया कार्यालयमा आबद्ध करिब ३०० जना अभिकर्ताहरूको सहभागीता रहेको थियो ।

प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले कम्पनीको विभिन्न शाखा कार्यलयहरूमा आबद्ध भई बीमा ब्यबसाय गर्दै आएका अभिकर्ताहरूलाई अझ बढी सक्षम र व्यावसायिक बनाउँदै लैजाने नीति अनुरूप कम्पनीले यस प्रकारको कार्यक्रमहरू सम्पन्न गर्दै आइरहेको र सोही क्रममा धनगढीमा कार्यक्रम आयोजना गरिएको बताए ।

कम्पनीका मार्केटिङ विभाग प्रमुख विवेक शर्माले सहभागी अभिकर्ताहरूलाई बीमा बिक्रय कला सम्बन्धमा प्रशिक्षण दिएका थिए । यसैगरी कार्यक्रममा उत्कृष्ट व्यवसाय गर्ने अभिकर्ताहरूलाई प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीले खादा, माला र सम्मानपत्रबाट सम्मान गरेका थिए ।

कार्यक्रममा सम्मानित भएका अभिकर्ताहरूले प्रमुख कार्यकारी अधिकृतबाट आफ्नै कर्म थलोमा सम्मानित हुन पाउँदा अत्यन्त खुशी लागेको बताएका थिए ।

कम्पनीको सुदूरपश्चिम प्रदेशका प्रमुख उमाकान्त जोशीको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रमम एजेन्सी विभाग प्रमुख सुशीलप्रताप राणाले धन्यवाद ज्ञापन गरेका थिए ।

सभ्य समाजको पहिचान:
लैङ्गिक हिंसाविरुद्धको अभियान

◆ लैङ्गिक हिंसा दण्डनीय अपराध हो । कोही कसैलाई हिंसा भएमा नि:शुल्क फोन नं. १०० र ११४५ मा उजुरी गरौं ।

२०७९ मंसिर ९ गतेदेखि मंसिर २४ गतेसम्म हुने लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ